**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com




विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १७१ ★ ने. सं. ११४६ तछला गा, चतुर्दशी ★ सोमबार ★ २९ असार, २०८३ ★ July 13 , 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## पार्टी कार्यकर्ताहरू देश र जनताको नि:स्वार्थ सेवामा समर्पित हुनु जरुरी

भक्तपुर, २८ असार । नेपाल मजदुर किसान पार्टी कोसी प्रदेश समितिको आयोजनामा काठमाडौँ उपत्यकामा रहेका कोसी प्रदेशका कार्यकर्ताहरूबिच आइतबार भेटघाट कार्यक्रम भयो ।



कार्यक्रममा पार्टीका सचिव प्रेम सुवालले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिठी' पुस्तक अध्ययन गरी देश र जनताको नि:स्वार्थ सेवामा पार्टीका साथीहरू समर्पित हुनु जरूरी छ भन्नुभयो ।

देश र जनतालाई दु:ख दिने राणा शासन र निर्दलीय पञ्चायती व्यवस्था समाप्त भएजस्तै सरकारमा गएर भ्रष्टाचार र पक्षपात गर्ने शासक दलहरू जुनसुकै नामबाट आए पनि समाप्त हुने उहाँले बताउनुभयो ।

सचिव सुवालले जोड दिँदै भन्नुभयो, "भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीमा संलग्न भएकाहरूलाई जहाँ भए पनि खोजेर कारबाही हुनु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "पच्चीस सय सत्तरी वर्षअघि नेपालमा जन्मनुभएका गौतम बुद्धले वर्गीय समाजको अध्ययन गरी व्यक्तिगत सम्पत्ति राख्ने बन्दोबस्तको विरोध गर्नुभएको हो । विश्व सर्वहारावर्गका महान नेताद्वय मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको अपरिहार्यतासम्बन्धी नियम पत्ता लगाउनुभएको हो ।"

उहाँले भन्नुभयो, "विदेशीको गोटी भएर सरकारमा पुगेकाहरूबाट देश र जनताको हित नहुने स्पष्ट छ ।"

नेमकिपा कोसी प्रदेशका संयोजक एवं कार्यक्रमका सभापति उकेश कवांले जबसम्म कामदारवर्ग एक भएर शोषणको विरूद्धमा लाग्दैन तबसम्म शोषकवर्गले दु:ख दिइरहने बताउनुभयो ।

अहिलेको सरकारले काम गरी खाने वर्गको हितमा कुनै पनि कानुन निर्माण नगर्ने भएकोले निर्वाचनको समयमा झूटो आश्वासन र विदेशी चलखेलबाट नै चुनाव जितेको उहाँले आरोप लगाउनुभयो ।

संयोजक कवांले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, विद्युत्जस्ता आधारभूत आवश्यकता नि:शुल्क गनुपर्नेमा सरकारले थप कर लगाउनाले जनताको जनजीविकामा ठुलो असर पर्नेछ ।"

कार्यक्रममा दिनेश खड्गी, भोजराज बस्नेत, ढकराज थापा, सुनिल शाक्य, वेदप्रकाश श्रेष्ठ, तारानाथ कट्टेल, विष्णुबहादुर खत्रीले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## सरकार सञ्चालनबारे सांसदहरूलाई पाठ सिकाउन गृहमन्त्री गुरुङ व्यस्त !

काठमाडौँ, २८ असार । राजनीतिक ज्ञान, राजनीतिक चरित्र, राजनीतिक अनुभव, सिद्धान्तले नभिजेका, जनतामाझ नगएका र नेताको गुण नभएका प्रधानमन्त्री, मन्त्री र सांसदहरूमा कहाँ, कसरी, के बोल्नुपर्छ भन्ने ज्ञानको कमी हुनु आश्चर्यको विषय होइन । थोरै बोलेर धेरै काम गर्ने अभिलाषा बोकेका वर्तमान सरकारका मन्त्री र सांसदहरूमा राजनीतिक र सैद्धान्तिक स्तर नहुनु पनि अनौठो होइन । गृहमन्त्री सुधन गुरुङले गणेश नेपालीको आत्मदाह प्रकरणमा उठेका विभिन्न जिज्ञासाको जवाफ दिने क्रममा भने, "आज म यो सम्मानित सदनमा सभामुखमार्फत सरकार कसरी सञ्चालन हुन्छ भनेर सिकाउन चाहन्छु ।" प्रश्न उठ्छ, के गृहमन्त्री गुरुङ सदनमा सांसदहरूको शिक्षक बन्न लागेका हुन् ? सरकार चलाउन सिकाउने गृहमन्त्री गुरुङले के सांसदहरूलाई विद्यार्थी नै ठानेका हुन् ?

के सदनमा रहेका सांसदहरूलाई अहिलेसम्म स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकार छ भन्ने कुरा थाहा छैन ? गृहमन्त्री गुरुङले आफू शिक्षक बनेर शिष्य (सांसद) हरूलाई कक्षा सञ्चालन गरिरहँदा या बोलिरहँदा पुराना, अग्रज या संसदीय अभ्यासको अनुभवी सांसदहरूलाई तीतो अनुभव हुनु स्वाभाविक हो । गृहमन्त्री गुरुङको भनाइ सुनिरहँदा कति सांसदहरू मुसुमुसु हाँसेको र कति सांसदहरू गृहमन्त्री गुरुङको जिभ्रो चिप्लिएको होला भनी थुक निलेर बसेको देख्दा जनताले जान्नेलाई छानेर पठाएको कमाल होला भनी कानेखुसी गरेको अड्कल गरियो । एउटा गल्ती छोप्न अर्को गल्ती गर्छ भनेको यहीँ हो । गृहमन्त्री गुरुङले संसद्मा उठेका प्रश्नको चित्तबुझ्दो जवाफ दिनुपर्नेमा सरकार कसरी सञ्चालन गर्ने भनेर भर्खरको तन्नेरी मन्त्रीले वृद्ध या अग्रज सांसदहरूलाई पाठ सिकाउने ?

आत्मदाह प्रयासको घटना सुनेर भक्कानिएर बोल्न नै छोडेका या भावविह्वलमा परेका मन्त्री गुरुङ अग्रज सांसदहरूलाई सरकार सञ्चालनबारे पाठ सिकाएर आफ्नो नैतिक जिम्मेवारीबाट पन्छिन खोजे । स्थानीय तह र प्रदेशमा रास्वपाका जनप्रतिनिधि छैनन् भनेर राज्यको दायित्व भुल्ने गृहमन्त्रीको गैरजिम्मेवारपूर्ण अभिव्यक्तिले झन् पीडित परिवार र जनता आक्रोशित भए । पीडित परिवारले न्याय नपाएसम्म लास नबुझ्ने भनी पीडित परिवारका नाता कुटुम्ब र जनता आन्दोलनमा लागे । भूकम्प हुँदा कुनै पनि स्थानमा केन्द्रित भई क्षति हुनसक्छ । बाढी पहिरो, रोगको प्रकोप जुनसुकै स्थानमा हुनसक्छ । कुनै कारणवस प्राकृतिक या सांस्कृतिक सम्पदामा क्षति हुँदा त्यो ठाउँको स्थानीय तहले मात्रै समस्या समाधान गर्न सकिँदैन । त्यसबेला प्रदेश र केन्द्रीय सङ्घले समस्या बुझ्नुपर्ने हुन्छ; समस्या बुझेर समाधान गर्नुपर्ने हुन्छ । घटना कुनै पनि स्थानीय तहमा घट्ने हो । त्यहाँ यो दल र त्यो दलको प्रतिनिधित्व छैन भनेर अरु स्थानीय तह, प्रदेश र केन्द्रीय सङ्घ आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन ।

सबै जिम्मेवारी स्थानीय र प्रदेशले मात्र हेर्ने हो भने केन्द्रको के काम ? के सरकार भनेको शासन सञ्चालन गर्न मात्र हो ? के राज्यको कुनै जिम्मेवारी छैन ? नेपालले पनि भारतको भूमि मिचेको रहेछ भन्ने प्रम बालेन साहको भनाइले सरकार एकातिर जनता अर्कोतिर

*बाँकी पृष्ठ २ मा*

## कार्की आयोगको प्रतिवेदन सार सङ्क्षेप – ५३

**भदौ २३ र २४ गतेको उपद्रवबारे प्रमुख जिल्ला अधिकारीहरूको विवरण :**

छानबिन आयोगबाट विभिन्न जिल्लामा जेनजेड पुस्ताद्वारा गरिएको आन्दोलनपूर्व, आन्दोलनको समय र आन्दोलनपश्चात्का अवस्थाबारे यकिन गर्न आन्दोलनको धेरै प्रभाव परेका जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीहरूसँग माग गरिएको घटना विवरण कागज :

**प्रमुख जिल्ला अधिकारी मोरङ**

२०८२ भदौ २४ गते राति नेपाली सेनाको परिचालनपश्चात् बिहानसम्म व्यक्तिगत रिसइबिका कारण सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथिको आक्रमण भएको देखिन्छ । म निम्नबमोजिमको विवरण उपलब्ध गराइएको व्यहोरा सादर अनुरोध गर्दछु ।

**भदौ २३ गतेको अवस्था :**

बिहान ११ बजे शान्तिपूर्ण कार्यक्रममा करिब ८०० जनाको सहभागिता रहेको थियो । मालपोत कार्यालय र महानगरपालिकाको कार्यालय लक्षित गरी दिउँसो सामान्य प्रदर्शन भयो । इटहरीमा २ जना र काठमाडौँमा धेरै आन्दोलनकारीको मृत्यु भएको सामाचार आएपश्चात् आन्दोलनकारी आक्रोशित भएको देखिन्छ । त्यसपछि एब्यक्इलरल-एब्यक्इल लगायतसँग बैठक गरी स्थानीय तहबाट तीन दिन विद्यालय बिदाको लागि समन्वय गरियो ।

**भदौ २४ को अवस्था :**

बिहान ११ बजेबाट कर्फ्यु आदेश जारी गरियो । प्रदर्शनकारीहरूले आन्तरिक राजस्व कार्यालयको भवनमा आगजनी गरे । त्यसपछि आन्दोलनकारी हाम्रो नियन्त्रणबाट बाहिर गएको देखियो । सामाजिक सञ्जाल र समाचारबाट प्रधानमन्त्रीको राजीनामा र सिँहदरबारमा समेत आगजनी गरिएको समाचार सार्वजनिक भएपछि सबैतिरको अवस्था नियन्त्रण बाहिर गएको थियो । करिब ३ बजेतिर प्रदेशसभा भवनबाट आगजनी सुरू भई कोइराला निवास, नजिकै रहेको जिल्ला प्रशासन कार्यालय, अन्य कार्यालय र पार्टी कार्यालयहरू तथा निजी सम्पत्तिमा समेत आगजनी भएको थियो । यी सम्पूर्ण घटना अगाडि जिल्ला सुरक्षा समितिको सबै टोली बेलुका ७ बजेसम्म सँगै रहेका थियौँ । जिल्लास्थित १५५ सरकारी कार्यालय, निजी प्रतिष्ठान, निजी घर र राजनीतिक दलका कार्यालयमा क्षति भयो ।

**घटनाका कारण :**

प्रदर्शनकारीहरूमा मुख्य रूपमा राज्यप्रति आक्रोश र काठमाडौँ तथा इटहरीका मृतकप्रतिको बदलाको भावना देखिएको थियो ।

**घटनामा संलग्न मुख्य व्यक्ति/समूह :**

आधारभूत रूपमा जेनजेड आन्दोलनकारीकै अगुवाइ रहेको देखिन्छ । तर, सामाजिक रूपमा अभियन्ता भनी क्रियाशील, राजनीतिक दलहरूको संस्थापन पक्ष, इत्तर पक्ष, सामाजिक सञ्जालमा पत्रकारिताको रूपमा देखिएका पात्रहरू, आन्दोलनकारीलाई "अब यता जाऔँ उता जाऔँ" भनी उक्साउनेहरू घटनामा संलग्न देखिन्छन् ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वयको अवस्था :**

भदौ २४ गते राति १० बजेबाट नेपाली सेना परिचालनपश्चात् नेपाल आयल निगमको प्रादेशिक इन्धन डिपोमा आगो लगाउने र कारागार कार्यालयबाट कैदी बन्दी भगाउने प्रयास गरिएको थियो । तर, हाम्रो स्थानीय समन्वय र सुरक्षा परिचालनले त्यो सम्भव भएन ।

### व्यङ्ग्यचित्र कुनो



# सहकारी ऐनको संशोधनले चुनौती थप्यो, अवसरमा बदल्न जरुरी




भक्तपुर, २८ असार । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडको भक्तपुर नगर सहकारी समन्वय उपसमितिको आयोजनामा एकदिने 'सदस्य सक्षमता विकास तालिम' सम्पन्न भयो ।

भक्तपुरको होटल यचुमा असार २७ गते आयोजित उक्त तालिममा सहकारी क्षेत्रको वर्तमान कानुनी व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासनबारे विस्तृत प्रयोगात्मक प्रशिक्षण दिइएको थियो । तालिममा बोल्दै सहकारी नेतृत्वले सहकारी ऐन २०७४ मा गरिएको नयाँ संशोधनले संस्था सञ्चालनमा चुनौती थपेको भए पनि त्यसलाई अवसरको रूपमा लिनुपर्नेमा जोड दियो ।

सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले हाल सहकारी क्षेत्रमा सरकारले नियमनलाई कडा गर्दै सहकारी ऐन २०७४ लाई संशोधन गरेको जानकारी दिनुभयो । उहाँका अनुसार संशोधित ऐनले सहकारीका सदस्यहरूको बचत फिर्ता, ऋण असुली र सहकारी नियमनलाई विशेष जोड दिएको छ ।

"यस संशोधनले सहकारी सङ्घ संस्थाहरूलाई ऐन कानुन पालनाको थप चुनौती त थपेको छ तर हामीले यस चुनौतीलाई अवसरको रूपमा लिएर अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो । उहाँले प्रारम्भिक संस्थाहरू रहे मात्रै सङ्घको अस्तित्व रहने भएकोले प्रारम्भिक संस्थाहरूको सबलीकरणका लागि सङ्घ सधैँ आवश्यक रहने प्रस्ट पार्नुभयो ।

यसै सन्दर्भमा संशोधित ऐनका बारेमा टिप्पणी गर्दै अध्यक्ष बल्लले भन्नुभयो, "सहकारी सङ्घलाई सहकारी बैङ्कमा रूपान्तरण गर्नु वा मर्ज गर्नु भनेको अन्ततः प्रारम्भिक संस्थाहरूलाई नै कमजोर बनाउनु हो ।"

सङ्घका उपाध्यक्ष एवं नगर सहकारी समन्वय उपसमितिका संयोजक जगनाथ प्रजापतिले तालिम शिक्षाले पदाधिकारीमा दायित्व बोध गराउने विश्वास व्यक्त गर्नुभयो । उहाँले नवनिर्वाचित संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई लक्षित गर्दै सहकारीको कुशल नेतृत्वका लागि आवश्यक ज्ञान र सीप विकास गर्ने उद्देश्यले यो तालिम आयोजना गरिएको प्रस्ट पार्नुभयो ।

तालिममा सङ्घका निवर्तमान अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारीमा आन्तरिक नियन्त्रण प्रणालीको महत्त्व र सहकारीमा असल बैठक सञ्चालनका साथै माइन्युट (निर्णय) लेखनका विषयमा महत्त्वपूर्ण प्रशिक्षण दिनुभएको थियो । यसैगरी, सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सहकारीको अवधारणा, सहकारी सिद्धान्तहरूको व्यावहारिक प्रयोग तथा सञ्चालक समितिको काम, कर्तव्य र अधिकारका बारेमा अभ्यासात्मक र व्यावहारिक प्रशिक्षण प्रदान गर्नुभयो ।

तालिममा सहभागी सम्पदा बचत तथा ऋण सहकारी, पूजा बचत तथा ऋण सहकारी र न्हुज बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारीहरूले तालिम निकै प्रभावकारी र समय सान्दर्भिक रहेको प्रतिक्रिया दिएका थिए । उनीहरूले तालिममा सिकेका ज्ञान र सीपलाई आ-आफ्नो संस्थामा पूर्ण रूपमा लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता उपयोगी तालिमको निरन्तरताका लागि कामना गरे ।

सङ्घको नगर सहकारी समन्वय उपसमितिका सदस्य राजन जतिले सञ्चालन गर्नुभएको उक्त सक्षमता विकास तालिमको समापन समारोहमा तीन वटा संस्थाबाट कुल २४ जना पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो ।

# अपराध अनुसन्धानको व्यावहारिक प्रक्रिया र चुनौतीबारे अन्तरक्रिया

भक्तपुर, २८ असार । नवीनतम समाजको आयोजना तथा आदर्श आजाद कलेजको सहकार्यमा आदर्श आजाद कलेज प्राङ्गणमा 'नेपालमा अपराध अनुसन्धानको व्यावहारिक प्रक्रिया र चुनौतीहरू' विषयक अन्तरक्रियात्मक कार्यक्रम समाजका अध्यक्ष श्रीराम श्रेष्ठको सभापतित्वमा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी निरीक्षक सुभेस अधिकारीले साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित 'राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिठी' पुस्तकको प्रदर्शन गरी गर्नुभएको थियो ।

प्रमुख अतिथि एवम् स्रोतव्यक्ति अधिकारीले भन्नुभयो, "राज्यले जनताको जीउधनको सुरक्षा गर्ने दायित्व बहन गरेको हुन्छ । त्यसको लागि ऐन कानुन तर्जुमा गरी कार्यान्वयन गर्छ । ऐन कानुनको उल्लङ्घन गर्नु अपराध गर्नुजस्तै हो । अपराध भएमा अनुसन्धान गरिन्छ ।"

नेपालमा अपराध अनुसन्धानको व्यवहारिक प्रक्रियाको स्लाइड शोबाट प्रस्तुति गर्दै उहाँले भन्नुभयो, "उजुरी शाखा, अपराध अनुसन्धान शाखा, पक्राउ, बयानजस्ता प्रक्रियाहरू पूरा गरी अपराधसम्बन्धी सत्यतथ्य कुरा पत्ता लगाइन्छ । सफल अनुसन्धान र न्यायको लागि अदालत, सरकारी वकिल, प्रहरी र जनताको भूमिका महत्त्वपूर्ण हुन्छ ।"

आदर्श आजाद कलेजका सहायक प्राचार्य चक्रबहादुर चाकतुले भन्नुभयो, "कसैलाई अपराधी भनेर आरोप लगाउँदैमा अदालतले फैसला नगरेसम्म ऊ अपराधी हुँदैन । लामो अनुसन्धानपछि प्रमाणसहित कुनै पनि व्यक्तिलाई अपराधी भनेर फैसला अदालतले वा आधिकारिक निकायले मात्र गर्न पाउँछ ।"

ख्वप माध्यमिक विद्यालय, वागीश्वरी माध्यमिक विद्यालय र आदर्श आजाद माविमा कक्षा ११-१२ मा कानुन समूह अध्ययन गरिरहेका विद्यार्थीहरूको सहभागिता भएको सो कार्यक्रममा सुजाता राई र दीपककुमार साहले पनि बोल्नुभएको थियो ।

# राजधानीको प्यास मेटाउने सुन्दरीजलमा नै खानेपानी अभाव

**- पूर्णप्रसाद मिश्र**

काठमाडौँ, २८ असार । काठमाडौँ उपत्यकाको प्रमुख खानेपानी आपूर्ति केन्द्र सुन्दरीजलका स्थानीय वर्षौंदेखि खानेपानी नपाउँदा काकाकुलको नियति भोग्न बाध्य छन् ।

राजधानीमा वितरण गरिने मेलम्चीको पानी सुन्दरीजलमा प्रशोधन हुने भए पनि गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिकाका धेरै बस्तीमा नियमित रूपमा खानेपानी आपूर्ति नहुँदा त्यहाँका स्थानीय ढुङ्गेधारा, कुवा र सार्वजनिक धारामा निर्भर छन् ।

मुहान क्षेत्रका बासिन्दाले नै खानेपानी नपाएको विषयमा स्थानीय तथा सङ्घीय जनप्रतिनिधिले वर्षौँदेखि सरकारको ध्यानाकर्षण गराउँदै आए पनि समस्या समाधान भएको छैन ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-१ बाट २७.५ किलोमिटर सुरुङमार्फत सुन्दरीजल आइपुग्ने मेलम्चीको पानी यहीँ प्रशोधन गरी राजधानीमा वितरण गरिन्छ । यसका साथै वाग्मती नदीको पानी पनि सुन्दरीजलबाट प्रशोधन गरी उपत्यकाका विभिन्न क्षेत्रमा वितरण हुँदै आएको छ तर पानीको स्रोतस्थल आसपासका बासिन्दा भने अझै नियमित खानेपानी सेवाबाट वञ्चित छन् ।

कागेश्वरी मनोहरा नगरपालिका-३ भद्रवासकी सावित्री सापकोटाले १० लिटर खानेपानीका लागि गोकर्णेश्वर नगरपालिका-१ रूप्सेटारस्थित सार्वजनिक धारासम्म करिब आधा घण्टा पैदल जानुपर्ने र पानी भर्ने पालोको प्रतीक्षामा दुई घण्टासम्म समय खर्चिनुपर्ने बाध्यता सुनाउनुभयो । "धारामा सधैँ लामो लाम हुन्छ, घण्टौँको प्रतीक्षा पछिमात्र पालो आउँछ," उहाँ दुखेसो पोख्नुहुन्छ ।

सोही वडाका केशवप्रसाद पुडासैनीले नगरपालिकाले विभिन्न खानेपानी आयोजना सम्पन्न गरेको दाबी गरे पनि दिगो व्यवस्थापन नहुँदा संविधानले प्रत्याभूत गरेको स्वच्छ खानेपानीको अधिकारबाट स्थानीयवासी वञ्चित हुनुपरेको गुनासो गर्नुभयो ।

गोकर्णेश्वर नगरपालिकाका प्रवक्ता नारायणबहादुर सुवेदीले नगरपालिकाले आफ्नै बजेटबाट आवश्यक पाइप बिछ्याएर केयुकेएललाई हस्तान्तरण गरे पनि अपेक्षित रूपमा खानेपानी वितरण हुन नसकेको स्वीकार गर्नुभयो ।

स्थानीयवासी प्रेम श्रेष्ठका अनुसार सुन्दरीजलस्थित पुरानो वाग्मती पानी प्रशोधन केन्द्र लामो समयदेखि प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा स्थानीय क्षेत्रमा शुद्ध पानी वितरण प्रभावित भएको छ । उहाँले केन्द्रको शीघ्र मर्मत गरी स्थानीय बासिन्दालाई नियमित र स्वच्छ खानेपानी उपलब्ध गराउन माग गर्नुभयो ।

केयुकेएलका प्रबन्ध निर्देशक रामरतन साहले सुन्दरीजल क्षेत्रमा समस्या पुरानो वितरण प्रणालीका कारण भएको बताउनुभयो । पञ्चायतकालमा निर्माण गरिएको पाइपलाइन अहिलेको जनघनत्व धान्न नसक्ने अवस्थामा पुगेकाले नयाँ वितरण प्रणाली निर्माण गर्ने विषयमा सांसद पाण्डेसँग सहमति भएको उहाँले जानकारी दिनुभयो ।

यसैबिच, सुन्दरीजलको वाग्मतीतर्फको पुरानो पानी प्रशोधन केन्द्र प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा बौद्ध क्षेत्रसम्म वितरण हुने पानी धमिलो हुने गरेको अत्तरखेलका स्थानीयवासी नोर्साङ शेर्पाले गुनासो गर्नुभयो । उहाँका अनुसार यस्तो पानी प्रयोग गर्दा कपडा राम्रोसँग सफा नहुने र नुहाएपछि शरीर चिलाउने समस्या हुने गरेको छ । नागरिक समाजले एक दशकदेखि यो विषय उठाउँदै आए पनि सम्बन्धित निकायबाट प्रभावकारी सुनुवाइ नभएको उहाँले बताउनुभयो । ***रासस***

# बनसी खुला चउरमा खुला व्यायामशाला सुरु

भक्तपुर, २८ असार । भक्तपुर नगरपालिका वडा नं.९ अन्तर्गत तुमचो दुगुरे चोखा आवास क्षेत्रमा पर्ने बनसी खुला चउरमा खुला व्यायामशालाको शुभारम्भ गरियो । वडा कार्यालयको बजेटमा उपभोक्ता समितिमार्फत तयार गरिएको उक्त व्यायामशालाको आइतबार एक कार्यक्रमबिच वडाध्यक्ष रवीन्द्र ज्याख्वले शुभारम्भ गर्नुभएको हो ।

कार्यक्रममा वडाध्यक्ष ज्याख्वले नगरपालिकाले जनताको स्वास्थ्य उपचार सेवालाई उच्च प्राथमिकतामा राख्दै ख्वप अस्पताल सञ्चालन, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा घरदैलो नर्सिङ सेवा चलाइरहेको बताउनुभयो ।

उहाँले नगरपालिकाले नागरिकहरूलाई स्वस्थ राख्न ठाउँ-ठाउँमा खुला व्यायामशाला राख्ने क्रममा तुमचो दुगुरे आवास क्षेत्रको तीन ठाउँमा व्यायामशाला बनाएको उल्लेख गर्नुभयो ।

नयाँ आवासीय बस्तीहरूमा विभिन्न भाषा, जाति, संस्कृति र भूगोलका जनता एकै ठाउँमा बस्दा सामाजिक मूल्यमान्यतासहित सद्भाव कायम गर्नुपर्नेमा जोड दिँदै उहाँले वरपरका छिमेकी र बहालमा बसेका जनताको पृष्ठभूमि, व्यवहारबारे पनि जानकारी राख्नुपर्ने र वडा कार्यालयलाई जानकारी गराउनुपर्ने बताउनुभयो ।

सम्भावित आपराधिक गतिविधिलाई न्यूनीकरण गर्न तथा नयाँ पुस्तालाई गलत क्रियाकलापबाट बचाउन सबै नागरिकको साझा कर्तव्य रहेको उहाँले बताउनुभयो ।

स्थानीय माधव प्रजापतिले पनि बोल्नुभएको उक्त कार्यक्रमपश्चात् प्रशिक्षकहरूले उपस्थित सबैलाई खुला व्यायामशालामा राखिएका सामग्रीहरूको उपयोग गर्ने तरिका तथा यसबाट हुने शारीरिक तथा मानसिक स्वस्थताको विषयमा विस्तृत जानकारी तथा नमुना अभ्यास प्रदर्शन गर्नुभयो ।

# टुर्गानको अध्यक्षमा प्रधानाङ्ग

काठमाडौँ, २८ असार । टुरिस्ट गाइड एशोसियन अफ नेपाल -टुर्गानको ३३ औँ साधारणसभा तथा अधिवेशनबाट अध्यक्ष पदमा प्रभालक्ष्मी प्रधानाङ्ग अत्यधिक मतले निर्वाचित हुनुभएको छ ।

पर्यटक पथप्रदर्शकहरूको पेशागत सङ्गठनको साधारणसभा शनिबार प्रज्ञाप्रतिष्ठानको सिद्धिचरण सभाहलमा सम्पन्न साधारणसभाले महासचिव पदमा सुविन सितिखु, सचिव पदमा रविन भैनात्व र कोषाध्यक्ष पदमा चनकेशरी कोजु निर्वाचित हुनुभएको छ । समितिका अन्य पदाधिकारी र सदस्यहरू भने निर्विरोध निर्वाचित भएका छन् । साधारणसभा निवर्तमान अध्यक्ष थानेश्वर देवकोटाको सभापतित्वमा भएको थियो ।

# कमलविनायक साकोसमा बजेट तथा वार्षिक कार्ययोजनासम्बन्धी अन्तरक्रिया

भक्तपुर, २८ असार । कमलविनायक बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित वार्षिक बजेट तथा वार्षिक कार्ययोजनासम्बन्धी छलफल एवं अन्तरक्रिया कार्यक्रम शनिबार कमलविनायकमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका संस्थापक सदस्य, सल्लाहकार, लेखा समिति तथा उपसमितिका सदस्यहरूको सहभागिता थियो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का सञ्चालक समिति सदस्य राजकुमार लघुले जिल्ला सङ्घ समुदायमा आधारित सहकारी संस्थाहरूको छाता सङ्गठनका रूपमा आबद्ध संस्थाहरूका लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम तथा नियामक निकायबाट जारी भएका सहकारी ऐन, नियम तथा अध्यादेशसम्बन्धी जानकारी अन्तरक्रिया कार्यक्रममार्फत प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले सहकारी संस्थाको हितविपरीत हुने कानुनी व्यवस्थाको संशोधनका लागि जिल्ला सङ्घले निरन्तर बहस र पैरवी गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले आगामी आर्थिक वर्षको वार्षिक कार्ययोजना र बजेट यथार्थपरक, व्यवहारिक तथा सदस्यमुखी हुनुपर्ने भन्दै महत्त्वपूर्ण सुझाव दिनुभयो ।

संस्थाका सल्लाहकार बालमुकुन्द बासुकला, राजाराम तजले, संस्थापक सदस्य राधाकृष्ण अवाल, सानुकाजी माकजु तथा विष्णु सरले वार्षिक बजेट र कार्ययोजना निर्माणका सम्बन्धमा आ-आफ्ना महत्त्वपूर्ण सुझाव प्रस्तुत गर्नुभयो ।

संस्थाका अध्यक्ष सुनिल मगजुले आगामी वर्ष संस्थालाई थप व्यवस्थित, प्रभावकारी र सदस्यकेन्द्रित बनाउन स्पष्ट नीति, कार्ययोजना तथा बजेट आवश्यक रहेको बताउँदै सोही उद्देश्यका साथ छलफल कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

संस्थाका सचिव लक्ष्मीप्रसाद चवालले विभिन्न समिति तथा उपसमितिबाट प्रस्तावित वार्षिक कार्यक्रमको जानकारी गराउनुभयो भने कोषाध्यक्ष रमेश माकले संस्थाको प्रगति विवरण प्रस्तुत गर्दै आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित वार्षिक बजेट प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी महानुभावहरूले प्रस्तुत सुझावहरूलाई समेट्दै आगामी वार्षिक कार्ययोजना र बजेटलाई अन्तिम रूप दिने निर्णय गरिएको थियो ।

***सरकार...***

परे । सदनमा मात्र होइन देशभर विरोध प्रदर्शन भयो । गृहमन्त्री गुरुङको अभिव्यक्तिले पनि पीडित परिवारमा मात्र होइन जनतामा पनि पीडा थप्यो । यही कारण दोषीमाथि कारबाहीको माग राख्दै प्रदर्शनकारीको आन्दोलन फैलिँदै गयो । कारण जसको भए पनि दोष जसको भए पनि, एक युवाको ज्यान गयो ।

गणेश नेपालीको मृत्यु सरकारी निकायको चरम अत्याचारविरुद्ध या असन्तोषको सङ्केत हो । सत्तासीन दलका नेता, मन्त्रीहरू दूरदर्शी नहुँदा, सिद्धान्त र विचारमा भिजेर काम नगरेको कारण जनतामा असन्तोष बढ्दै गएको हो ।

## सङ्क्षिप्त समाचार

# वैदेशिक रोजगारीबाट फर्किएका आचार्य व्यावसायिक सागसब्जी खेतीमा रमाउँदै

इनरुवा (सुनसरी), २८ असार । जिल्ला सदरमुकाम इनरुवा–८ का गणेश आचार्य वैदेशिक रोजगारीबाट फर्किएपछि व्यावसायिक सागसब्जी खेतीमार्फत सफल उद्यमीका रूपमा स्थापित हुनुभएको छ ।

मलेसियामा र माल्दिभ्समा आठ वर्ष बिताउनुभएका उहाँले आफ्नै तथा भाडामा लिएको १२ कट्ठा जग्गामा मौसमी र बेमौसमी सागसब्जी खेतीबाट मनग्गे आम्दानी गर्दै आउनुभएको छ । केही वर्षअघिका धान खेतमा उहाँले काँक्रा, बोडी, करेला, खुर्सानी, भण्टा फलाउनुभएको छ । यसबाट वार्षिक रु. १० देखि १२ लाखसम्म आम्दानी हुने गरेको छ ।

उहाँका अनुसार बिउ, मल, जनश्रम तथा अन्य उत्पादन खर्च कटाउँदा कुल आम्दानीको करिब ५० प्रतिशत बचत हुने गरेको छ । उहाँलाई व्यावसायिक बनाउन कृषि ज्ञान केन्द्रले प्राविधिक सहयोग गर्दै आएको छ ।

ज्ञान केन्द्रबाट भिन्डी र बैगुन खेतीका लागि आवश्यक बिउ, मल, मल्चिङ प्लास्टिक तथा विषादी छर्कने ट्याङ्कीलगायतका सामग्री अनुदानमा प्राप्त भएको उहाँले जानकारी दिनुभयो ।

रोजगारीका लागि युवा पुस्ता विदेशिने क्रम बढेकामा चिन्ता व्यक्त गर्दै उहाँ उपयुक्त जमिन र बजार व्यवस्थापन हुन सके कृषि क्षेत्रबाट पर्याप्त आम्दानी गर्न सकिने बताउनुहुन्छ । खेतबारीमा काम गर्ने मानिस नपाउँदा उहाँ खिन्न हुनुहुन्छ । सागसब्जीको उचित मूल्य नपाएको उहाँको गुनासो छ । कृषि ज्ञान केन्द्रका प्रमुख नीलकमल सिंहका अनुसार सुनसरीमा व्यावसायिक तथा मौसमी रूपमा करिब सात हजार पाँच ५०० हेक्टरमा सागसब्जी खेती हुँदै आएको छ । ***रासस***

# ओझेलमा 'राजाकोट'

तुलसीपुर (दाङ), २८ असार । दङ्गीशरण गाउँपालिका–२ स्थित राजाकोट ऐतिहासिक ठाउँ भए पनि ओझेलमा परेको छ । यो ठाउँ पर्यटकीय हिसाबले पनि सम्भावना बोकेको ठाउँ हो । त्यहाँबाट जिल्लाका सबै भूभाग देखिन्छन् भने सिस्ने हिमाल, पुथा हिमाल, माछापुच्छ्रेसहितका विभिन्न हिमालशृङ्खला देखिने भएकाले पनि पर्यटकीय सम्भावना बोकेको छ ।

स्थानीय मदन घर्तीका अनुसार त्यहाँबाट बबई नदी, राप्ती नदी, बाँकेका विभिन्न भूभागको अवलोकनसमेत गर्न सकिन्छ । त्यस्तै, विभिन्न वनजङ्गलको अवलोकन गर्न पनि सकिने भएकाले त्यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न थालिएको छ । उहाँले भन्नुभयो, "यस क्षेत्रबाट जिल्लाको भूभागसँगै विभिन्न हिमाल देखिन्छन् भने तराईका सबै फाँटहरू देखिन्छन् । त्यसैले पनि यसलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।"

त्यहाँ दङ्गीशरण राजाले औलो लाग्दा बस्ने गरेको ठाउँका रूपमा समेत रहेको स्थानीय चक्रमिलन विश्वकर्माले बताउनुभयो । उहाँका अनुसार सोही ठाउँमा पुरानो टेलिकमको टावर पनि छ । जुन पश्चिम नेपालमै चर्चित टावर थियो । गोल्टाकुरीबाट पाँच किलोमिटर पैदल हिँडेपछि राजाकोट पुग्न सकिन्छ । नजिकै कुनै बेला हाटबजार जाँदा रुकुम, सल्यान, रोल्पाका नागरिकले प्रयोग गर्ने तिलकन्या नाका पनि भएकाले पनि यो क्षेत्र पर्यटकीय हिसाबले उत्तम रहेको छ । जहाँ दङ्गीशरण गाउँपालिका–२ स्थित गोल्टाकुरीबाट पैदल पाँच किलोमिटर उकालो हिँडेपछि पुग्न सकिन्छ । ***रासस***



**म्याग्दीको तातोपानीनजिक सुक्खा पहिरो :** बेनी–जोमसोम सडक खण्डको म्याग्दीको तातोपानीनजिकको सडकमा आइतबार वर्षाका कारण सुक्खा पहिरो जाँदै रोकिएका सवारीसाधन । *तस्बिर: सुन्दरकुमार थकाली/ रासस*

# दुईदिने पियर लर्निङ गोष्ठी सम्पन्न

हेटौँडा, २८ असार । मकवानपुर बहुमुखी क्याम्पसको आयोजनामा दुईदिने Peer Learning २०८३ को विश्वविद्यालय अनुदान आयोगका पूर्वअध्यक्ष देवराज अधिकारीको प्रमुख आतिथ्यमा सुरु भयो । प्रमुख अतिथि अधिकारीले पानसमा दीप प्रज्ज्वलन गरी सेमिनारको उद्घाटन गर्दै सामुदायिक कलेजहरू मिलेर जानुपर्नेमा जोड दिनुभयो ।

उहाँले सहभागी अन्य क्याम्पसहरूलाई पनि समेटेर लान सुझाव दिँदै क्युएएको तेस्रो सर्कलमा पुगेका कलेजहरूबाट समाजले धेरै अपेक्षा गर्नु स्वाभाविक भएको बताउनुभयो । समुदायसँग क्याम्पसको कतिको घनिष्ठ सम्बन्ध छ ?, क्याम्पसलाई समाजले के दियो ?, विद्यार्थीलाई क्याम्पसले शैक्षिक योग्यताबाहेक थप के–कस्ता सीपहरू प्रदान गरेको छ ? भन्ने प्रश्न महत्त्व रहेको चर्चा गर्दै क्याम्पसको भौतिक संरचनामात्र मुख्य होइन भन्नुभयो ।

उहाँले देशका धेरै क्याम्पसहरू निरीह अवस्थामा रहेको बताउँदै निरीहताबाट उठ्न नेतृत्वले विशेष मेहनत गर्नुपर्ने सुझाव दिनुभयो । क्याम्पसहरूमा आवश्यकताभन्दा बढी राजनीति भएको चर्चा गर्दै उहाँले क्याम्पसको नेतृत्वमा रहेकाले चिरेर अघि बढ्नैपर्छ भन्नुभयो ।

क्युएए प्राप्त सात वटा क्याम्पसहरूको लिडिङमा भएको उक्त सेमिनारमा उहाँले लिड क्याम्पसहरू नमुनाकै रूपमा रहनुपर्ने र कोही पनि क्याम्पसहरू एक अर्काका प्रतिस्पर्धी नभई एक अर्काका सहभागीको रूपमा मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले त्रिभुवन विश्वविद्यालयका उपकुलपति नै गुणस्तर हेर्ने प्रमुख व्यक्ति हुनुपर्नेमा जोड दिँदै गुणस्तर हेर्ने जिम्मा विश्वविद्यालय अनुदान आयोगलाई पन्छाएकोमा गुनासो व्यक्त गर्नुभयो ।

त्रिविविलाई क्युएएको कुनै चासो नभएकोमा आक्रोश व्यक्त गर्दै उहाँले सामुदायिक क्याम्पसहरूप्रति नेपाल सरकारको दृष्टिकोण प्रस्ट नभएको भनी आलोचना गर्नुभयो ।

क्युएए प्राप्त गर्ने क्याम्पसहरूले डिम युनिभर्सिटीको सोच राख्नैपर्ने उल्लेख गर्दै त्यसको लागि आवश्यक क्षमता बढाउन आत्मविश्वासका साथ अघि बढ्न उहाँले हौस्याउनुभयो ।

सरकारको मुख ताकेर विश्वविद्यालय सञ्चालन गर्ने सोच नराख्न सुझाव दिँदै उहाँले क्याम्पस सधैँ चुस्त दुरुस्त हुनुपर्छ; आँट गर्नुहोस् तपाईँहरू विश्वविद्यालय सञ्चालन गर्न सक्षम हुनुहुन्छ भन्नुभयो ।

त्रिवि व्यवस्थापन सङ्कायका डिन महानन्द चालिसेले सामाजिक, प्राज्ञिक र व्यवस्थापकीय अडिट गरेर अघि बढ्न सुझाव दिँदै क्याम्पसहरू समाज, वातावरण, उद्योग, व्यापार, व्यवसायलगायतसँग प्रगाढ सम्बन्ध राखी असल अभ्यास भइरहेकोमा प्रशंसा गर्दै अनुभव आदानप्रदान गर्ने अवसर सेमिनारले दिएको बताउनुभयो ।

वाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले सामुदायिक क्याम्पसहरूको समस्या साझा भएकाले साझा प्रयासबाटै समाधानको बाटो पहिल्याउन सेमिनारले निष्कर्ष निकाल्ने विश्वास व्यक्त गर्नुभयो ।

आयोजक मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष ताराप्रसाद उपाध्यायको सभापतित्वमा भएको उक्त सेमिनारको उद्घाटन कार्यक्रममा त्रिविको व्यवस्थापन सङ्कायका पूर्वडिन प्राडा डिल्लीराज शर्माले शुभकामना मन्तव्य दिनुभएको थियो भने स्वागत मन्तव्य क्याम्पस प्रमुख यमबहादुर सिलवाल राख्नुभएको थियो ।

कार्यक्रममा नेतृत्वकारी सातवटा क्याम्पसहरू मकवानपुर बहुमुखी क्याम्पस, लुम्बिनी वाणिज्य क्याम्पस, बालकुमारी कलेज, दमक बहुमुखी क्याम्पस, आदिकवि भानुभक्त क्याम्पस, जनप्रिय क्याम्पस पोखरा, सुकुना बहुमुखी क्याम्पस मोरङ रहेका छन् भने सहभागी क्याम्पसहरूमा वागीश्वरी कलेज, गुप्तेश्वरी महादेव बहुमुखी क्याम्पस र कालिका बहुमुखी क्याम्पस रहेका छन् ।

उद्घाटन सत्रपछि सेमिनारमा लिड र सहभागी १० ओटै क्याम्पसले आ–आफ्नो असल अभ्यासहरूसहित क्याम्पसको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

# गोरखामा एकतिहाइ मात्र मल आपूर्ति

गोरखा, २८ असार । गोरखामा धान रोपाइँको मुख्य समयमा आवश्यक रासायनिक मलको एकतिहाइ मात्र आपूर्ति भएको छ । जिल्लामा आवश्यक तीन हजार ५०० मेट्रिकटन मलमध्ये हालसम्म एक हजार १०० मेट्रिकटन मात्र प्राप्त भएको कृषि विकास कार्यालय गोरखाले जनाएको छ ।

कार्यालय प्रमुख कुलप्रसाद तिवारीका अनुसार प्राप्त मल कोटा निर्धारण गरी स्थानीय तहलाई उपलब्ध गराइएको छ । स्थानीय तहले समूह र सहकारीमार्फत किसानलाई मल वितरण गरिरहेका छन् ।

उहाँले भन्नुभयो, "हामीले मल ल्याएर कोटा छुट्याइ पालिकालाई उपलब्ध गराउँछौँ, पालिकाले समूह र सहकारीमार्फत किसानलाई वितरण गर्नुहुन्छ । तर, केही स्थानमा सहकारीका सदस्यलाई मात्र मल वितरण गरिएको र अन्य किसानले मल नपाएको गुनासो पनि आएको छ ।"

रोपाइँ, गोडमेल र बाला लाग्ने समयमा मलको आवश्यकता बढी हुने भएकाले आपूर्ति बढाउन सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको उहाँले बताउनुभयो ।

गोरखा नगरपालिका–१० छेपेटारका कृषक विष्णु पाठकले पर्याप्त मल नपाउँदा खेती गर्न समस्या भएको गुनासो गर्नुभयो । उहाँले तीन घण्टा लाइनमा बसेपछि पाँच किलोमात्र मल पाएको बताउनुभयो ।

महादेवटारी सहकारी संस्थाकी अध्यक्ष शेल्चा तामाङका अनुसार छेपेटार टोलका करिब १५० कृषक परिवारलाई दामासाहीका आधारमा पाँच–पाँच किलो मल वितरण गरिएको हो । उहाँले भन्नुभयो, "१०० बोरा मल आएको भए सहज हुन्थ्यो, तर जम्मा १५ बोरामात्र प्राप्त भयो । जति आएको थियो, सबैलाई पाँच–पाँच किलोका दरले बाँडेका छौँ ।"

पालुङ्टार नगरपालिका–१० मा धान रोपाइँ सुरु भएको करिब दुई सातासम्म पनि धेरै किसानले मल पाउन सकेका छैनन् । मागको तुलनामा आपूर्ति अत्यन्त न्यून भएकाले सबै किसानलाई वितरण गर्न नसकिएको वडा अध्यक्ष रिखीराज धौरालीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो वडामा चारदेखि ५०० किसान छन्, तर जम्मा ३२ बोरा मल आएको छ । दुई वटा सहकारीलाई १६–१६ बोरा उपलब्ध गराएका छौँ । उनीहरूले वितरण गरिरहेका छन् ।"

यसवर्ष चैतमा लगाइएको धान मरुवा रोगका कारण नष्ट भएको र अहिले मल अभावले किसान थप समस्यामा परेको उहाँको भनाइ छ । ***रासस***

# बदलिँदो बजारसँगै बदलिँदै कुमालको पेसा

तुलसीपुर (दाङ), २८ असार । केही वर्षअघिसम्म प्रेमबहादुर कुमालको दिनचर्या माटाका गाग्री, हाँडी र भुर्का बनाउनमै बित्थ्यो । अहिले भने उहाँ प्राय: माटाका प्लेट र कप मात्रै बनाउनुहुन्छ । बजारको माग फेरिएसँगै पुस्तौँदेखि अपनाउँदै आएको कुमाले पेसाले पनि नयाँ स्वरूप लिन थालेको छ ।

तुलसीपुर उपमहानगरपालिका–७ प्रसेनीका प्रेमबहादुर भन्नुहुन्छ, "पहिले गाग्री, भुर्का र हाँडीको निकै माग हुन्थ्यो, अहिले बजारमा प्लास्टिकका भाँडा सजिलै पाइने भएकाले ती सामग्रीको माग घटेको छ । बरु अहिले माटाका प्लेट र कपको माग बढ्दो छ ।"

पछिल्लो समय विभिन्न स्थानमा 'मट्का चिया' पसल खुल्न थालेपछि माटाका कपको माग उल्लेख्य रूपमा बढेको उहाँको अनुभव छ । चियासँगै माटोको स्वाद र वातावरण खोज्ने ग्राहक बढेकाले आफूहरूले उत्पादन गरेको सामग्री बजारमा सहजै बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "माग धेरै आउँछ, केही होटल सञ्चालकले त 'यतै आएर बनाए पनि हुन्छ' भनेर कोठासमेत दिने प्रस्ताव गर्नुहुन्छ । तर, जनशक्ति अभावका कारण मागअनुसार उत्पादन गर्न सकिरहेका छैनौँ ।"

प्लेट र कपसँगै अहिले माटाका गमला तथा सजावटका लागि प्रयोग हुने घोडालगायतका मूर्ति बनाउन पनि अर्डर आउने गरेको छ । यसले परम्परागत कुमालको पेसामा नयाँ सम्भावनाको सङ्केत देखाए पनि दक्ष जनशक्तिको अभाव भने मुख्य चुनौती बनेको छ ।



कविराम कुमालका अनुसार नयाँ पुस्ताको घट्दो आकर्षणले यो पेसाको भविष्यप्रति चिन्ता बढाएको छ । उहाँले भन्नुभयो, "माग त पर्याप्त छ, तर यो पेसा अहिले पनि हामीजस्ता पुरानै पुस्ताले धानेका छौँ । नयाँ पुस्ताले अपेक्षाअनुसार चासो नदिँदा यो पेसा सङ्कटमा पर्ने हो कि भन्ने चिन्ता लाग्छ, यद्यपि केही युवाले सिक्ने प्रयास भने गरिरहेका छन् ।"

गरिबी निवारण कोषबाट प्राप्त 'ग्लेजिङ' मेसिनले उत्पादनको गुणस्तर सुधार्न सहयोग पुगेको छ । त्यसैगरी, हस्तकला महासङ्घले दिएको तालिमपछि यहाँका कुमाल समुदायले आधुनिक डिजाइनका प्लेट, कप र अन्य सामग्री बनाउन सिकेका हुन् । तर, उत्पादनको मूल्य निर्धारण गर्ने कुनै मापदण्ड नहुँदा बिक्री मूल्य भने ग्राहकसँगको समझदारीमै निर्भर रहने गरेको उनीहरूको भनाइ छ ।

कविरामले भन्नुभयो, "हामीले बनाएका माटाका भाँडाको निश्चित मूल्य छैन । त्यसैले अनुमान र बार्गेनिङकै आधारमा बिक्री गर्नुपर्छ ।" कुनै समय करिब ६० परिवारले बसोबास गर्ने यस कुमाल बस्तीमा अहिले १०–११ परिवार मात्रै सक्रिय रूपमा माटाका भाँडा बनाउने पेसामा संलग्न छन् । बजारको माग बढे पनि पेसामा संलग्न हुने जनशक्ति भने घट्दै गएको छ ।

कच्चापदार्थको अभाव अर्को समस्या बनेको छ । अहिले उनीहरूले तुलसीपुर–७ को कालोखोला क्षेत्रबाट माटो ल्याउने गरेका छन् । तर, त्यहाँबाट माटो निकाल्ने विषयमा स्थानीयसँग पटक–पटक विवाद हुने गरेको उनीहरूको गुनासो छ । आवश्यक गुणस्तरको माटो सहज रूपमा उपलब्ध हुन नसक्दा उत्पादनमा असर पर्ने गरेको कुमाल समुदायको भनाइ छ ।

बजारको आवश्यकता बदलिँदै जाँदा कुमालको पेसाले पनि आफूलाई समय अनुकूल ढाल्ने प्रयास गरिरहेको छ । परम्परागत गाग्री र हाँडीको स्थान अहिले प्लेट, कप र सजावटी सामग्रीले लिन थालेका छन् । तर, यो पुस्तौँ पुरानो सीपलाई दीर्घकालसम्म जोगाइराख्न नयाँ पुस्ताको सहभागिता, कच्चापदार्थको सहज उपलब्धता र उत्पादनको उचित मूल्य सुनिश्चित गर्नु आवश्यक देखिन्छ । ***रासस***

## । सम्पादकीय ।

# सुकुमवासी के हो र के होइन ? भोट बैङ्क हो ?

पञ्चायतको पतनको परिणामले नै प्रचारमा नदेखिने सामन्तवादी आउरेबाउरे, एमाले, नेपाली काङ्ग्रेस, भारतबाट 'जनयुद्ध' सुरु गरेका 'माओवादी' हरूले काठमाडौँ उपत्यकामा आफ्नो मताधिकार सुरक्षित गर्न जिल्ला जिल्लाबाट ओइरेका साधारण व्यापारी, घर-जग्गा व्यापारी, युवाहरूलाई विदेश पठाउने धन्दामा लागेका व्यक्तिहरूसमेत 'सुकुमवासी' मा पारेका छन् ।

**सुकुमवासी को हुन् र को होइनन् ?**

एक, सुकुमवासी के रोजगार गरी (जीविका गरी) खाने गरिबहरू हुन् ? होइन, तिनीहरू रोजगारीको माग लिएर आएका होइनन् ।

दुई, के तिनीहरूको अन्य जिल्लामा एक धुर पनि जग्गा नभएका जोताहा किसान हुन् ? त्यो पनि होइन ।

पशुपति मन्दिरको दक्षिणतिर वाग्मतीको दुवै किनारका पुराना सुकुमवासी भनिने धनाढ्यहरू नै हुन् । ६० वर्षदेखि त्यो ठाउँलाई हेर्दै आएका हरेक उपत्यकाका गरिब, धनी, व्यापारी, साधारण जनता सबैलाई थाहा छ । तिनीहरूले सार्वजनिक भूमि हत्याएर सुकुमवासी समस्या देखाउँदै मालपोतमा रीत पुऱ्याएर लालपुर्जा लिएर नाम मात्रको भूमिकर तिरी बसेका व्यक्तिहरू हुन् ।

काठमाडौँतिरको खोलाका किनाराहरूमध्ये त्यहाँको सिनेमा हल र 'जडीबुटी' कार्यालयसमेत मनोहराका किनारमा थिए । 'जडीबुटी' कार्यालय त सरकारी वा सार्वजनिक सम्पत्ति नै हो । तर, दायाँ-बायाँका ती सबै भूमि तथाकथित सुकुमवासीको नाममा काठमाडौँ उपत्यकाको महँगो जग्गालाई सस्तोमा लिई महँगोमा बेच्न पल्केकालाई 'सुकुमवासी' भनियो भने विरोध नहोला ।

यसको अर्को उदाहरण हो - 'सरकारले खोला किनारबाट जोगाउन भन्दै लगिएका सुकुमवासीको सेल्टर ...' (कान्तिपुर, २८ असार २०८३) का परिवारहरू मागी खाने गरिब, काम गरी खाने तयार नेपाली हुन् वा अरू नै हुन् ? किन छानबिन हुँदैन ? आश्चर्य छ !

भएका 'सुकुमवासी' पुरानो भाषामा 'हुकुमवासी' वा काठमाडौँको सार्वजनिक भूमि सस्तोमा हात पार्न दिने वचन दिइएका सरकारहरूका एजेन्टहरूबाट ठगिएका परिवार हुन् । २४ घण्टाभित्र थाहा पाउने विषयमा सरकारहरू ८-१० वर्षदेखि किन ढिलो गर्दै छन् भन्ने प्रश्नको उत्तर दिन्छन् - कुन जिल्ला, कुन गाउँ र सहर तथा वार्डका नागरिक हुन् भन्ने थाहा पाउनासाथै तिनीहरूका वर्ग थाहा पाएपछि समस्या समाधान सजिलो हुनेबारे दुईमत नहोला ।

छिमेकी भारतको विहार र उत्तर प्रदेशका सहरभन्दा र ठुलठुला घाटबाट टाढा भएपछि यस्तै दृश्य देखिन्छन् । त्यहाँ गरिब जनता पाउँछन् भने यहाँ सुकिला लुगा लगाएका भेटिन्छन् । भारतीय समाचारपत्रहरू 'शङ्कर' नामका व्यङ्ग्य चित्रकारको 'टाइम्स अफ इन्डिया' र अरू पत्रपत्रिकामा पाइन्थ्यो, 'प्रहरीले जाऊ जाऊ पाल हटाऊ', मैले यो पाल बाढी पीडितहरूलाई बाँड्न ल्याउँदा किनेर ल्याएको' जवाफ दिन्छन् ।

नदी किनार र सहरको ढल बनाउने योजनामा झमेला भएपछि त्यस्ता ढलको पाइपमा परिवारै बसेकालाई प्रहरीले धपाउनको लागि भन्छन्, "कसले भन्यो यहाँहरू बस्न ?' "यहाँ पाइप ओसार्ने ज्यामीहरूले केही नभनेर हामी परिवार बस्न आएको, हाम्रो कुनै घरबार छैन ।" उनीहरूले भने ।

यदि प्रहरीले यहाँ बस्न कुन कानुनले दियो तिमीलाई भनेको भए ती शरणार्थीहरूले भन्ने थिए, "कुन कानुनले यसमा घर-परिवार नचलाउनु भन्ने लेखेको छ ।"

'सरकारले खोला छेउबाट उठाएर सुकुमवासीलाई खोला छेउमै राख्यो, मध्यरातमा बाढी पसेर बिल्लीबाठ' शीर्षकमा छाप्यो (नयाँ पत्रिका, २८ असार २०८३)

मध्यरातमा, बिहान र दिउँसो तराईका जिल्ला जिल्लामा मुसहर, अन्य 'तल्लो जात' र गरिब जनताको दृष्टिमा कहिले यस्ता समस्या समाधानको उपाय बनाएको जनतालाई बताएका छन् र ? काठमाडौँको विष्णुमती खोला किनारमा एक आना भूमि कानुनी रीत पुऱ्याई एक काङ्ग्रेस मन्त्रीले लालपुर्जा बनाए । तर, एक वर्षपछि रोपनीका रोपनी भूमि चर्चेको लगापात बनाइयो । 'नेताजी' को भनाइमा काठमाडौँका 'ज्यापु' किसानहरूले जग्गाको महत्त्व बुझेका छैनन्; त्यसको मैले उपयोग गरेर देखाएको हो । के यहाँ पनि सुकुमवासी शब्द उपयुक्त छ ?

# "यहाँ सङ्घीयता शासक दलहरूकै कारण बदनाम छ"




✍ सृजना सैँजू

यहाँ रेबिजको भ्याक्सिन अभाव हुन्छ, बिरामी मर्न बाध्य हुन्छन्, आम जनता सडक कुकुरबाट आतङ्कित हुन्छन् तर प्रदेश सरकार हात बाँधेर बस्छ ।

यहाँ असार लाग्छ, रोपाईको चटारो हुन्छ किसानलाई, रासायनिक मलको हाहाकार हुन्छ तर प्रदेश सरकार बजेटमा स्वदेशमै रसायनिक मल कारखानाको कुरा उठाउँदैन । यहाँ मौसम किसान प्रतिकुल भइदिन्छ, आकाशबाट पानी पर्दैन, त्यसैको भर परेका किसान मारमा पर्छन् तर प्रदेश सरकार नहर निर्माणको कुरा गर्दैन, सिँचाइको बन्दोबस्त गर्दैन । असारको आधाउधिमा समेत वाग्मती प्रदेशमा ५ प्रतिशत पनि रोपाई नभएको तथ्याङ्क छापिन्छ । बदलामा प्रदेश सरकार हर्षउल्हासका साथ असार १५ मनाउँछ, दही चिउरा खान्छ र हातमा पनि दही जमाएर बस्छ, किसानका लागि केही प्रयास गर्दैन ।

उता कक्षा १२ सकेका विद्यार्थीहरू आफ्नो मेहनतको मूल्य खोज्न माइतिघर मण्डलामा उभिन्छन्, चिच्याउँछन्, सरकारहरू पुकार्छन् तर प्रदेश सरकार भेट्दैनन् । आफ्नो भविष्यको चिन्तासँगै सिङ्गो शिक्षा प्रणाली विरुद्ध आगो ओकल्दैछन् तर प्रदेश सरकार चुपचाप बस्छ । मेरो अधिकार क्षेत्र होइन यो भनेर पन्छिन्छ । जानकारी रहोस् १२ कक्षाको नतिजा रिटोटलिङ अर्थात् पुनर्योगका लागि ३२ हजार विद्यार्थीले आवेदन दिएका छन् । एसईई पुनर्योगमा ५ प्रतिशत भन्दा बढी विद्यार्थीको नतिजा परिवर्तन भएको छ ।

यहाँ आइतबार स्वास्थ्य संस्था या अस्पताल समेत बन्द गरिन्छन् । सर्वसाधारण जनता मारमा पर्छन्, दूरदराजका बिरामी काठमाडौँ या हाम्रो प्रदेशमा आई अलपत्रमा पर्छन् । निजी अस्पताल या स्वास्थ्य सेवालाई खुलमखुला प्रोत्साहन मिल्छ । केन्द्र सरकार स्वास्थ्य समता शुल्क भन्दै बिरामीसँग थप ३ प्रतिशत कर असुल्छ । र लाज पचाएर कुल बजेटको जम्मा ४.८ प्रतिशत मात्र स्वास्थ्य क्षेत्रमा विनियोजन गर्छ । यति बजेटले देशको स्वास्थ्य अवस्था कसरी सुधार हुन्छ ? भन्ने सामान्य प्रश्न पनि प्रदेश सरकार गर्न सक्दैन । गरिबलाई अलिकति भएपनि राहत मिलिरहेको बीमा सेवा कटौती गर्छ केन्द्र सरकार तर प्रदेश सरकार आँखा चिम्लिन्छ । जनतालाई राहतको एजेण्डा ल्याउँदैन, बजेट मार्फत् बीमासहरको विकल्प दिन सक्दैन ।

यहाँ बर्ड फ्लु फैलन्छ । रोकथामको उपाय तत्काल दिइन्न । सबैभन्दा बढी ससाना किसान व्यापारी मारमा पर्छन्, लगानी टाट पल्टन्छ । स्वदेशी उत्पादन "डम्प" हुन्छ । अनि प्रदेश सरकार मुकदर्शक बन्छ ।

यहाँ खोकनावासी जनता फास्ट ट्याककै कारण पीडित हुन्छन् । रैथाने किसान विस्थापित गर्ने, एक हिसाबले जातीय सफायाको नीति लिइन्छ । त्यहाँका किसान प्रदेशतिर हेरेर हामीलाई फास्टट्र्याक चाहिएको होइन, फिर्ता गर भनिरहन्छन् तर प्रदेश सरकार पीडित खोकना बुङ्गमतीसम्म पनि पुग्न सक्दैन ।

यहाँ वाग्मती प्रदेश वायु, खानेपानी प्रदूषणको केन्द्र बन्छ । राज्यसँग समाधानको उपाय छैन । अनि प्रदेश सरकारलाई वातावरण, जलवायू परिवर्तनले सर्वसाधारण जनताको जीवनमा परेको जटिल प्रभावबारे वास्तै छैन । यो विषयमा बजेट बक्तव्य चुँ पनि बोलेको छैन ।

यहाँ सुकुमवासीको समस्या नजरअन्दाज हुन्छ । होल्डिङ सेन्टरको दुःख या प्रताडना प्रदेश देख्दै देख्दैन । यहाँ पत्रपत्रिकाको हेडलाइनमा छापिन्छ, "गएको आर्थिक वर्षमा ८ लाख ३९ हजार युवा श्रमकै लागि विदेशिए", अनि अर्को पत्रिकामा छापिन्छ, "विदेशमा दैनिक चार नेपालीको ज्यान गुम्छ । पछिल्लो ११ महिनामा मात्र १ हजार ४ सय ३८ युवा नेपालीले विदेशी भूमिमा रगत पसिना बगाउँदा बगाउँदै प्राण त्यागे ।"

अनि यहाँ अर्थमन्त्रीहरू बजेटमा लेख्छन्, "युवालाई सीपमूलक तालिम दिई विदेश जान योग्य बनाइनेछ ।" प्रदेश सरकार कहिलेसम्म दूधको साक्षी बिरालो बन्छ ? सरकारहरू कहिलेसम्म युवा विरोधी बन्छन् ? युवा विदेश पठाएर देश समृद्ध बनाउने बकम्फुसे कुरा कहिलेसम्म ? यहाँ सबैभन्दा ज्यादा युवाहरू प्रदेश सरकार खोज्दैछन् । बिरामीहरू प्रदेश खोज्दैछन् । विद्यार्थीहरूले प्रदेश खोजेका छन् । किसान मजदुरहरूले खोज्दैछन् प्रदेश, सरकारको उपस्थिति खोज्दैछन् । कता छ प्रदेश सरकार ?

जनताको वास्तविक समस्यामा सबैभन्दा पहिला प्रदेश सरकार पुग्नुपर्ने होइन र ? जनताको समस्या सम्बोधन गर्न सक्दैन भने कसको लागि हो यो प्रदेश सरकार ? आफ्नो जीवनमा प्रदेश सरकारको उपस्थिति अनुभव नभएरै त होला प्रदेशको अस्तित्वमाथि प्रश्न उठ्न थालेको । जनता प्रश्न गर्दैछन् ९ वर्षमा सङ्घीयताको मर्म अनुरूप खै काम भएको वाग्मती प्रदेशमा ? खोई आफ्नो मौलिक उत्पादन या आम्दानीको स्रोत खोजी भएको ? उत्पादन र आम्दानीको आत्मनिर्भर बाटो नदेखाउने बजेटले समृद्धिको हल्लाबाजी गर्नु निरर्थक छ । बजेट वक्तव्यमा स्वदेशमै या प्रदेशमै रोजगारी सिर्जनाको प्रत्याभूति छैन । नौ वर्षमा कति युवालाई रोजगारी दिइयो ? प्रदेशबाट श्रमको विकास खोई ? नौ वर्षमा कति कलकारखाना खोलिए यहाँ ? खोइ प्रदेश उद्योगहरू ? ससाना घरेलु उद्योग या हस्तकला ग्रामको अवधारणा खोई ? ९ वर्षमा कृषि उत्पादकत्व कति प्रतिशतले वृद्धि भयो, बजेटमा यसको हिसावकिताव खोई, समिक्षा खोई ? सबैभन्दा महत्त्वपूर्ण कुरा त वाग्मती प्रदेशले एक वर्षमा मूर्त काम के गर्छ भन्ने प्रश्नको मूर्त जवाफ नै छैन यो बजेट वक्तव्यमा । यहाँ सङ्घीयता शासक दलहरूकै कारण बदनाम छ ।

***(वाग्मती प्रदेश सभा सदस्य सृजना सैँजूले गत असार १७ गते वाग्मती प्रदेश सभाको बजेट अधिवेशन २०८३ मा भएको बजेट बक्तव्यबारे छलफलको क्रममा राख्नुभएको विचारको सम्पादीत अंश)***

# रास्वपा सरकार पुँजीपतिवर्गको नयाँ घोडा

✍ जीआर थुसा

देशमा अहिले झण्डै दुईतिहाइको रास्वपाको एकमना सरकार छ । सरकारको नेतृत्व बालेन्द्र शाह (बालेन) ले गरेका छन् । गत चैत १३ गते बालेन्द्र शाहको प्रधानमन्त्रीत्वमा मन्त्रिमण्डल गठन भएपश्चात् भ्रष्टाचारमुक्त समाज र सुशासनको लागि काम गर्ने बताइएको थियो । सरकारले पूर्वप्रम केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गरेको थियो । सरकारले भ्रष्टाचारीहरूको फाइल खोल्ने, पूर्वपदाधिकारीहरूको घरमा छापा मार्ने, मन्त्रालय सङ्ख्या २५ बाट १८ मा झार्ने, २५ सदस्यीय मन्त्रिमण्डलबाट १७ सदस्यीय बनाउने, सवारी अनुमति पत्र वितरण तथा नवीकरण तत्काल गर्ने, एसइईको नतिजा चाँडै प्रकाशन गर्न परीक्षा केन्द्रमै कापी परीक्षण गर्ने, ब्रिज कोर्सको कक्षा निषेध गर्ने, आइतबार बिदा दिनेलगायतका निर्णयहरू बाहिर ल्याएको थियो । सोही कार्य कार्यान्वयनको लागि भनी कार्यालय अनुगमन, विकास निर्माण क्षेत्र अनुगमन, मन्त्रीले दिन रात नभनी काम गरिरहेको कुरा सामाजिक सञ्जालमा भाइरल बनाइएको छ । सुकुमवासी बस्तीमा डोजर चलाएर सुकुमवासीहरूलाई उठाएपछि सकारात्मक र नकारात्मक टिप्पणीहरू भए । पेट्रोलियम पदार्थको मूल्यवृद्धि इरान-अमेरिका युद्धको कारणले भएको जानकारी प्रकाशमा आएको थियो । तर, जेठ १५ को बजेटले जनतालाई निरास बनायो ।

नयाँ सरकार, 'जान्नेलाई छान्ने', 'चुपचाप घण्टीमा छाप' 'पुरानाले केही गरेन जे गर्छ नयाँले गर्छ' जस्ता विषयवस्तु सामाजिक सञ्जालमा व्यापक भए । 'एलगोरिदमले गर्दा देशका नवयुवाहरू, राजनीतिक क्रियाकलापबाट निराश भएका, आफ्नो पार्टीमा आफ्नो अनुकूल गर्न नपाएका असन्तुष्टहरूले रास्वपालाई भोट दिई आफ्नो पार्टीलाई घात गरे । यसको परिणाम निर्वाचनमा रास्वपा विजयी भयो ।

सरकारको बजेट, क्रियाकलाप र रास्वपाको प्रथम महाधिवेशनका दृश्यहरू देख्दा नेपाली जनता 'चोक्टा खान गएकी बुढी झोलमा डुबेर मरी' सरि भएको छ । उनीहरूले अपेक्षा गरेका सुशासन 'हात्ती आयो हात्ती आयो फुस्सा' जस्तै हुन थालेका छन् । नयाँ बजेटले ५० युनिटमाथिको विद्युत् महसुलमा ५ प्रतिशत भ्याट, संस्थागत (निजी) विद्यालयमा पढ्ने विद्यार्थीलाई ३ प्रतिशत समता कर, हरेक क्षेत्रमा करमा वृद्धि, विदेशी ऋणको थप भार, कर्मचारी तथा शिक्षकहरूको तलब वृद्धि गर्दा खाइपाई आएको तलबमा प्रतिशतमा वृद्धि गर्दा तल्लो तहका कर्मचारीहरूलाई कम र माथिल्लो कर्मचारीहरूलाई धेरै रकम वृद्धिले आर्थिक असमानता भएको देखिन्छ । विद्यालयमा विद्यालय प्रशासन, सहायक कर्मचारी, बाल विकास सहजकर्ता, कार्यालय सहयोगी, अनुदानमा कार्यरत शिक्षकहरूको तलब वृद्धि नगर्दा सरोकारवालाहरू विरक्तिएका छन् ।

सरकार गठनको एक सय दिनको मूल्याङ्कनमा मिश्रित प्रक्रिया आइरहेको छ । अहिलेको सरकारको क्रियाकलाप र व्यवहार हेर्दा 'नपाउनेले केरा पायो, बोक्रासमेत खायो' भनेझैँ उखान चरितार्थ भएको छ ।

संसदीय व्यवस्था र प्रजातन्त्रमा विश्वास गर्नेहरूले 'संसदीय प्रणाली, मूल्य मान्यता, आचरण' (के गर्नुहुन्छ ?, के गर्नु हुन्न ? भन्नेसमेत) नहेरी जेजे मन लाग्यो त्यो त्यो काम गरेका छन् । शक्तिको उन्मादले सत्ताधारीहरू मात्तिएका छन् ।

विगतमा जसरी सरकारमा जाने पुँजीवादी दलहरू सरकारमा जानको निम्ति जे हर्कत देखाएका थिए, २०४६ सालको जनआन्दोलनबाट स्थापित प्रजातन्त्र र प्रजातान्त्रिक राजनीतिमा फोहोर गरेका थिए; त्यस्तै अहिले रास्वपाभित्र पनि देखिएका छन् । नातावाद, क्रिपावाद, अहम्कार, शक्तिको उन्माद, पदको दुरूपयोग आदि हेर्दा रास्वपा नेका, एमाले, राप्रपा र माओवादी दलहरूको मार्गमा पुगेको देखिन्छ । आफ्नै पार्टीभित्र केन्द्रीय सदस्य मनोनयनमा ६०-४० को अनुपातमा बाँडफाँड, मन्त्रिमण्डल बाँडफाँड, केन्द्रीय सदस्य निर्वाचनमा निषेधको राजनीति, आदि काम विगतका ठुला दलहरूको जस्तै देखियो । यस अर्थमा पुराना र नयाँ सरकारमा के फरक पाइयो ?

'संसारमा जनमत, जवानी र पानी उस्तै रहँदैन' भन्ने सत्यलाई देशका राजनीतिक नेता तथा कार्यकर्ताहरूले बुझ्नु आवश्यक छ । विगतमा पञ्चायत व्यवस्था बलियो थियो । 'सबै नेपाली पञ्च र सबै पञ्च नेपाली' भन्ने भनाइ नै चलेको थियो । काङ्ग्रेसको बेला कम्युनिस्टहरूलाई दबाइयो र माओवादीको जन्म भयो । त्यस्तै २०५१ सालमा एमाले शक्तिमा आयो र अरू केही वामपन्थी पार्टीहरूलाई दबाब र प्रभावमा पारेर विलय गराइयो । २०६२-६३ को आन्दोलनमा माओवादी शक्तिशाली देखियो । युवाहरू वाइसीएलजस्तै देखिए । आखिर उनीहरू काङ्ग्रेस एमालेकै मार्गमा लागे । उनीहरूले पनि नेपालको राजनीतिलाई दूषित पारे । कहिले काङ्ग्रेस, कहिले एमालेको बुइँ चढ्दै उनीहरू सत्तामा पुगे । ती पुँजीवादी दलहरूको आन्तरिक द्वन्द्व, दल दलबिचको द्वन्द्व र घात प्रतिघातबाट युवा पुस्ता वाक्कदिक्क भए । बालेनको नाममा रास्वपाले अवसर पायो । यो अवसरलाई देश र जनताको हितमा उपयोग गर्न सके राम्रो हुनेछ । देश विकास हुन्छ, जनताको जीवनस्तर उठ्नेछ । तर, काङ्ग्रेस, एमाले र माओवादी लगायतका दलहरूले जस्तै काम गर्ने, शक्तिको अहम्ताले अरुलाई तेरपुच्छर नलगाउने काम गर्ने हो भने तात्विक भिन्नता के ?

रास्वपाको सरकार न प्रजातान्त्रिक देखियो न त समाजवादी देखियो । यसले निर्दलीयता अँगालेको देखियो । विश्वमा दक्षिणपन्थी शक्तिहरूको उदय सँगसँगै नेपालमा पनि 'रास्वपा' जे नाममा उदय भए पनि उनीहरूमा फासीवादी चरित्र देखिन्छ । हरेक व्यवहार मजदुर, किसान र विपन्न वर्गको लागि नभई धनी र पुँजीपतिवर्ग लाई मात्र फाइदा हुने नीति तथा कार्यक्रमले 'नयाँ' को नाममा 'घोडा' फेरेको प्रस्ट हुँदै छ । यस अर्थमा भदौ २३ र २४ को नयाँ पुस्ता (जेनजी) को आन्दोलन साम्राज्यवादी शक्तिले दक्षिणपन्थी शक्तिलाई नेपालको प्रजातान्त्रिक राजनीतिमा उठाएको प्रस्टिँदै छ । नेपाली जनता र युवा पुस्तामा भ्रम नहोस् ।

# राजनीतिक कार्यकर्ताले अध्ययन गर्नैपर्ने ‘लामो हिँडाइमा अध्यक्ष माओसँग’

✍ **समा**

चिनियाँ कम्युनिस्ट पार्टी यतिबेला १०५ औँ पार्टी स्थापना दिवस मनाउँदै छ । यो सन्दर्भमा चीनको मुक्ति सङ्घर्ष र अध्यक्ष माओको योगदानबारे चर्चा सामयिक होला । चीनले चिकपाको नेतृत्वमा मुक्ति युद्ध जितेको ७७ वर्ष नाघ्यो । जापानी उपनिवेशवाद, अमेरिकी साम्राज्यवाद र देशभित्रकै च्याङकाइ सेकजस्ता प्रतिक्रियावादीहरूसँगको लडाइँमा चिनियाँ जनताले अत्यन्त बहादुरीपूर्वक लडेको थुप्रै दशक बित्यो । हरेक वर्षको अक्टोबर १ को दिन चिनियाँ जनता जनगणतन्त्र चीनको मुक्ति दिवसका रूपमा हर्ष उल्लासका साथ मनाउँछन् । ऐतिहासिक लडाइँ र युद्धका पानाहरू पल्टाउँछन् । देशको मुक्ति या जनताको स्वतन्त्रताका निम्ति बलिदान दिएका अग्रजहरूप्रति श्रद्धासुमन अर्पण




गर्छन् । हो, २१ औँ शताब्दीमा अझ शानदार रूपमा उभिएको चीन केही दशकको मेहनतको उपज होइन बरु थुप्रै सङ्घर्षका शृङ्खलाहरू, लडाइँका सिलसिलाहरूमा विजयी चिनियाँ जनताले निर्माण गरेको स्वतन्त्र र सार्वभौम देश हो, चीन । विभिन्न युगहरू छिचोल्दै आज चीन समाजवादी युग निर्माणको निमित्त लड्दै छ ।

आजको चीन अध्यक्ष माओ त्सेतुङको विचारले दीक्षित छ । अध्यक्ष माओले चीन र विश्वमा मानव मुक्तिका निम्ति देख्नुभएको सपनामा आजको चीन बाँच्दै छ । चीनको मुक्ति र स्वतन्त्रताका निम्ति अध्यक्ष माओले निर्वाह गर्नुभएको भूमिका र नेतृत्व बेजोडको थियो । अध्यक्ष माओको जीवन, व्यक्तित्व र सङ्घर्षका पृष्ठहरूमा चीनको इतिहास भेटिन्छ अर्थात् चीनको इतिहासमा अध्यक्ष माओको नाम स्वर्ण अक्षरले लेखिएको छ । मार्क्सवाद र लेनिनवादलाई चिनियाँ माटोमा रोपेर चीन र चिनियाँ जनताको मुक्तिकथा लेख्ने अध्यक्ष माओले तत्कालीन समयमा देश र जनताका निम्ति थालेका आन्दोलन र अभियानहरूले युगान्तकारी भूमिका खेल्यो । सङ्घर्षका थुप्रै आयामहरूमध्ये अध्यक्ष माओको नेतृत्वमा भएको ‘लामो हिँडाइ’ लाई एक विश्व हल्लाउने घटनाका रूपमा लिइन्छ । ‘लामो हिँडाइ’ को समयमा बटुलेका अमूल्य अनुभव र सिकाइका पृष्ठ आज पनि पल्टाइन्छन् । अध्यक्ष माओसँगै रहेर काम गरेका उहाँका सहयोगी र अङ्गरक्षकहरूको आत्मसंस्मरणमा अध्यक्ष माओको आकृति स्पष्ट भेटिन्छ । त्यस्ता पठनीय संस्मरणहरूमध्ये का. चेन चाङ फेङको ‘लामो हिँडाइमा अध्यक्ष माओसँग’ एक हो ।

‘लामो हिँडाइ’ जापानी उपनिवेशवादी शक्तिविरुद्धको जुझारु प्रतिरोध त थियो नै साथै च्याङकाइसेकजस्ता प्रतिक्रियावादीहरूको घेराबन्दी र हमलाविरुद्ध जनताको सङ्घर्ष पनि थियो । सन् १९३४ अक्टोबर ६ देखि सन् १९३६ अक्टोबरसम्म दक्षिणी आधार फुकियाङ (Fukien) र कियाङसी (Kiangsi) देखि उत्तरी शेन्सी (Sensi) सम्म २५ हजार अर्थात् १२ हजार ५ सय किलोमिटर लामो त्यो हिँडाइमा चिनियाँ लालसेनाले लड्दालड्दै एघार प्रान्त पार गरेका थिए । लामो हिँडाइका दौरान अग्ला पहाडदेखि फराकिला नदीहरू, हिउँका पहाड, डरलाग्दा जङ्गललगायत थुप्रै कठिन मोडहरू छिचोले । कति लालसेना बाटोमै देशको मुक्तिका निम्ति बलिदान भए । सन् १९३१ मा जापानी उपनिवेशवादीहरूले चीनको उत्तरपूर्वी क्षेत्रमा कब्जा गरे । सन् १९३३ अक्टोबरमा च्याङकाइसेकको हजारौँ सैन्य दलले क्रान्तिकारी आधार क्षेत्रहरूमा हमला गर्ने अभियान थाल्यो । त्यसपछि लालसेना र नागरिक सेना गरी ३ लाख सेना क्रान्तिकारी लडाइँका निम्ति तयार भए । क्रान्तिकारी विचारसहित कृषि र आर्थिक क्षेत्रमा भइरहेको सुधार र जनताको जीवनस्तर उकास्ने सङ्घर्षसँगै लामो हिँडाइ जोडियो । पहिलो मोर्चाका सेनामाथि शत्रुको हमला भएपछि अध्यक्ष माओको निर्देशनमा शत्रुमाथि जाइलागेका लालसेनाले उत्तरी क्वाइचाउ (Kwei chow) को ठुलो सहर सुनइ (Tsunyi) कब्जा गरे । चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय राजनीतिक ब्युरोको सुनइ सम्मेलनले चिनियाँ क्रान्तिको महत्त्वपूर्ण इतिहास उजागर गर्छ । जसले लामो हिँडाइलाई सफलताको शिखरमा पुऱ्यायो । तत्कालीन समयमा अध्यक्ष माओले लिनुभएको पार्टीभित्रको सङ्घर्षको नीति, बोक्नुभएको स्पष्ट कम्युनिस्ट विचारले नै चिनियाँ क्रान्ति सफल भएको हो । पार्टी स्थापनादेखि क्रान्तिकारी विचार अर्थात् मार्क्सवादी-लेनिनवादी विचारको लाइनमा अध्यक्ष माओले अडान नलिनुभएको भए, पार्टीभित्र कार्यकर्तालाई क्रान्तिकारी आचरण र संस्कार नसिकाउनुभएको भए सङ्घर्ष सफलतामा टुङ्गिने थिएन । आजको नयाँ चीनको दूरदृष्टि त धेरै परको कुरा थियो । त्यसकारण, अध्यक्ष माओ नयाँ युगको नयाँ चीनका निर्माताका रूपमा पुजिनुहुन्छ । उहाँले लामो हिँडाइका विषयमा लेख्नुभएको छ -“लामो हिँडाइको औचित्य के हो भनेर सोध्ने जो-कोहीलाई भनिदिनू कि लामो हिँडाइ एउटा घोषणापत्रजस्तै हो । यसले लालसेनालाई देशभक्त नायकहरूको सेनाको रूपमा परिचित गरायो । साम्राज्यवाद र त्यसका पिछलग्गू च्याङकाइसेक र प्रतिक्रियावादीहरूले चीनमा उपद्रो मच्चाइरहँदा चीन र चिनियाँ जनताको रक्षार्थ लालसेना छन् भनी विश्वलाई देखायो । ती साम्राज्यवादी र प्रतिक्रियावादीहरू हरेक जनविरोधी हमलाहरूमा लालसेनाबाट कसरी पराजित बनाइए विश्वले देखे । त्यसकारण, लामो हिँडाइ मुक्तिका निम्ति प्रचार आन्दोलन पनि हो । मुक्तिको बाटोमा हिँडेका करोडौँ करोड लालसेनाको शक्ति चिनियाँ जनताको शक्ति हो । लामो हिँडाइ देशभर न्यायको बीउ छर्ने अभियान पनि हो । करिब ११ वटा प्रान्तमा क्रान्तिको बीउ छर्न सफल भयो । भविष्यमा फसल काट्न मिल्ने बाली लामो हिँडाइका क्रममा लगाइयो । त्यो बीउ फूल बनेर फुल्नेछ, फल बनेर पाक्नेछ । लामो हिँडाइ शत्रुको हार र सत्यको विजयमा टुङ्गिन्छ ।”

अध्यक्ष माओ र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा भएको ‘लामो हिँडाइ’ अत्यन्त कठिनतम र चुनौतीपूर्ण सङ्घर्षको नाम हो । यात्रामा तेर्सिएका विविध खतरापूर्ण परिस्थितिहरूको सामना गर्दै न्यायपूर्ण गन्तव्यमा, विजयको चौतारीमा टुङ्गिएको यात्राको नाम हो, लामो हिँडाइ । त्यही लामो हिँडाइमा माओसँगै रहेका चेन चाङ फेङले ६ वर्ष माओको सहयोगी (orderly) र अङ्गरक्षक रहँदा बटुलेका अनुभवलाई पुस्तकाकार दिए । पुस्तकमा चिनियाँ क्रान्तिको एउटा अविछिन्न अध्यायको मार्मिक प्रस्तुति छ । अध्यक्ष माओको व्यक्तित्व चित्रण छ । उहाँको नेतृत्व कौशल, कार्यशैली, अध्ययन र व्यवहारबारे अत्यन्त मन छुने घटनाक्रमहरू सङ्ग्रहित छन् । अध्यक्ष माओको क्रान्तिकारी दृष्टिकोण र सादा जीवनको बडो सुन्दर तस्वीर पुस्तकमा छ । यस पुस्तकमा अध्यक्ष माओसँग रहँदा र माओको सम्झनामा लेखिएका परिच्छेदहरू सङ्ग्रहित छन् । लामो हिँडाइ र त्यसको पृष्ठभूमिसमेत बताउने यस पुस्तक अत्यन्त मार्मिक र पठनीय छ । लामो हिँडाइ र अध्यक्ष माओलाई एक सहयोगी र अङ्गरक्षकको आँखाबाट पाठकले पढ्न पाउँछन् ।

पुस्तकमा लेखकको बाल्यकालदेखिको सन्दर्भ छ । गरिब, किसान परिवारमा जन्मिएका उनी जमिनदारको घरमा गोठाले भई काम गर्छन् । पढाइ त टाढाको कुरा, साँझ बिहान पेट भर्न असाध्यै दुःख गर्नुपर्थ्यो । उनको परिवार र बाल्यकालले क्रान्तिअगाडि चिनियाँ किसान परिवार र बालबालिकाको प्रतिनिधि शब्ददृश्य प्रस्तुत गर्दछ । अभाव, गरिबी र शोषणको थिलथिलो भोगेका चाङ फेङले सानैदेखि क्रान्तिकारी लालसेना बन्ने उद्देश्य बोकेका थिए । उनको गाउँ निङतु (Ningtu) मा एक पटक लालसेनाले सामन्त र जमिनदारसँग लडेर किसानलाई जग्गा बाँडेपछि उनको मानसपटलमा त्यो छाप बसेको थियो ।

चाङ फेङ अध्यक्ष माओको सहयोगीमा नियुक्त हुँदा उनी जम्मा १६ वर्षका थिए । पहिलो पटक अध्यक्ष माओलाई देख्दा उनी चकित हुन्छन् । अत्यन्त सादा जीवन, साधारण मान्छेको जीवनजस्तो । सबैले लाउने खरानी रङ्गको लुगा, सानो कक्षमा काठको खाट, तकियासमेत थिएन, एक अफिस जहाँ अध्यक्ष माओ राति अबेरसम्म किताब, नक्सा असरल्ल छरेर काम गरिरहनुहुन्थ्यो । उहाँ अध्ययन, लेखन र काममा लीन भइरहनुहुन्थ्यो । उहाँ चाङ फेङलाई पढ्न उत्साहित गरिरहनुहुन्थ्यो, फुर्सदको समयमा नयाँ सिक्न हौस्याइरहनुहुन्थ्यो । कसैले खानेकुरा फाल्दा त्यसो नगर्न सुझाउनुहुन्थ्यो -“यति लामो सङ्घर्ष भातको सानो-सानो सिताको लागि त हो; गरिबीले एक गाँस भात देख्न नपाएका जनताका लागि त हो ।”

चाङ फेङलाई अध्यक्ष माओको आत्मीय व्यवहार र न्यानो ओतले खुसी दिन्थ्यो । उनी अध्यक्ष माओको मुहारमा एक महान् नेता त देख्छन् नै साथै एक असल पिता, गुरु र मार्गदर्शक पनि पाउँछन् । ६ वर्षमा उनी एक पटक जन्मस्थान जाने सोच्छन् । घरमा चिट्ठी पठाउन नजानेर उनलाई अध्यक्ष माओले सिकाइरहेको दृश्य मन छुने खालको छ । गाउँ एक सोभियतमा परिणत भइसकेको हुन्छ । चाङ फेङले भोगेको दुःख र शोषण आफू जन्मेको गाउँमा नदेखेपछि उनी दङ्ग हुन्छन् ।

लामो हिँडाइ फुकिइन (Fukien) हुँदै कियाङ्सीतर्फ अघि बढ्छ । बाटोमा शत्रुहरूबाट घेराबन्दी र अन्धाधुन्ध बम वर्षा हुन्छ । अध्यक्ष माओ त्यो रात निदाउन सक्नुहुन्न । उपाध्यक्ष चाउ एनलाइलगायतका नेताहरूलाई खबर र चिठी लेखनमा व्यस्त हुनुभएको थियो । अबको मार्गचित्रबारे विस्तृत जानकारी बताउनुभएको थियो, सायद । चाङ फेङले त्यसलाई सही ठाउँमा छोड्ने काम गरे । यात्रामा अध्यक्ष माओसँग एक झोला पुस्तक र नक्सा, दुईवटा ब्ल्याङ्केट, एक जोडा कपडा, एउटा ओभरकोट र च्यातिएको छाता हुन्थ्यो । त्यति बोकेर उहाँ भन्नुहुन्थ्यो, “हामी अग्रमोर्चामा लड्न जाँदै छौँ ।”

अध्यक्ष माओ युतु (Yutu) का कामरेडहरूको हालखबर बुझ्दै मियाओ क्षेत्रभित्र लाग्नुभयो । दिन-दिनभर खाली पेटमा हिँड्दै लड्दै गर्दा पनि अध्यक्ष माओ थाक्नुहुन्नथ्यो । थकानको समयमा बेगसहित बग्दै गरेको नदी पार गर्नुपर्ने चुनौती आइलाग्थ्यो, अत्यन्त साहसपूर्वक तर्नुपर्ने नदीहरू । यात्रामा देशका फरकफरक भूगोलका फरक जाति, जनजातिका चिनियाँ जनतासँग साक्षात्कार भइन्छ । चाङफेङले अड्कल नगरेको ठाउँमा पनि चिनियाँ कम्युनिस्ट पार्टीका इमानदार कार्यकर्ता र शुभेच्छुकहरूसँग भेट हुन्छ । मियाओ क्षेत्रको एउटा गाउँमा बास बस्दा त्यहाँ पोखरीमा माछा पालेको देखेर चाङफेङ मोहित हुन्छन् र माछा मार्नतिर लाग्छन् । त्यसको तुरुन्तै पछि अध्यक्ष माओले उनलाई सम्झाउनुहुन्छ -“हामीले पैसा नै तिर्न परे पनि जनताको सम्पत्ति छुने अधिकार छैन । यही हाम्रो अनुशासन हो ।”

अध्यक्ष माओ जहाँ बास बस्नुहुन्थ्यो त्यहाँ पार्टी कार्यकर्ताहरू अलग-अलग भेषमा भेट्न आउँथे । मियाओका गुरिल्लाहरू भेट्न आउँदा चाङफेङ शत्रु हुन् कि भनी सशङ्कित भएको घटना पुस्तकमा छ । यात्रा हुआङपिङ काउन्टी, क्वेइचाउ प्रान्त हुँदै अगाडि बढ्छ । नयाँ वर्षको समय थियो । उत्सव मनाउने, मिठो खानेभन्दा पनि शत्रुको चङ्गुलबाट उम्कन उ (wu) नदी पार गर्ने चुनौती थियो । सुनौलो बालुवासहितको नदी किनारको संस्मरण रोचक छ । अध्यक्ष माओले यात्रा रोकिने समय सबैभन्दा पहिले आफ्नो लागि काम गर्ने ठाउँको बन्दोबस्त गर, खाना र आराम दोस्रो प्राथमिकतामा राख्नुपर्छ भन्नुभएको थियो । त्यो नदी किनारमा तीन दिनसम्म, ३० हजार लालसेनाको समूहले त्यो ठाउँ पार गरी हिँडिसक्दा पनि उहाँले आफूले काम गर्ने डेस्क नछोड्नुभएको घटना सम्झन्छन् चाङफेङ ।

अनसुनचाङ (Anshunchang) बाट ताटु नदीको लुटिङ पुलमा हिँड्दाको दृश्यचित्र पुस्तकमा छ । पहाडको उकालो हिँडाइ अत्यन्त सकसपूर्ण थियो । गन्तव्य नपुग्दै पहाडको टाकुरामा सुसाएर आफूले बोकेको सुख्खा खाजा खाँदै त्यही छेउमा बगेको पानी पिउँदै थप चढ्ने ऊर्जा बटुल्दाको अनुभव छ, पुस्तकमा । टाउकोले तातो ढुङ्गा या चट्टान भेट्नासाथ निदाउन सक्ने थकानको बयान छ । हरेक बसाइमा, उकाली-ओरालीमा अध्यक्ष माओले तिनलाई दिनुभएको नयाँ-नयाँ शिक्षा छ ।

सिउतसेती (Shuitseti) को बाटोमा अध्यक्ष माओमाथि शत्रुले बमबारी गरी हमला गर्दा चाङफेङका साथी हु चाङ पाओ गम्भीर घाइते हुन्छन् । त्यो समय अध्यक्ष माओको धैर्य र संयमको व्यवहार र निरन्तरको हौसलाको चर्चा छ । हु चाङले अन्तिम घडीमा भनेका थिए -“मलाई मृत्युदेखि डर छैन । मैले अध्यक्ष माओसँगै उहाँलाई सुरक्षा दिँदै उत्तरको सेन्सी पुग्न सकिनँ, यही अफसोस् छ ।” कार्यकर्ताहरूलाई उच्च समर्पणभाव दिई हुर्काइएको एउटा घतलाग्दो दृश्य यो पनि हो ।

बाक्लो हिउँको सिरक ओढेका पहाडहरू चढ्ने यात्रा कठिनमात्र होइन मुटु कमाउने खालको थियो । हिमालका टाकुराहरू छिचोल्दै हरिया घाँसेमैदान टेक्ने यात्रा गर्नु असम्भवजस्तै थियो । हिउँका पहाडहरूमा आकाश खसेजस्तो आँधी, हिउँ वर्षासँग सामना, अर्को लडाइँ थियो । टाकुरा नजिक पुग्दा हावा, अक्सिजनको अभावले सास बन्द हुने स्थितिमा दह्रो उभिएर पाइला चाल्दै गर्नुभएका अध्यक्ष माओको सालिन तस्वीर छ, पुस्तकमा । चाङफेङलाई त्यो हिमपहाड चढ्न निकै गाह्रो भएको थियो । उनी अचेत भएका थिए । बिउझँदा माओको लामो कोट ओढाइएको थियो । सयौँ माइलको यात्रामा अनकन्टार गाउँको बास सामान्यजस्तै थियो । अध्यक्ष माओ मट्टीतेल र टुकीमा पनि अध्ययन र लेखन, यात्राको मार्गचित्र कोर्न छुटाउनुहुन्नथ्यो ।

लगातारको वर्षामा निथ्रुक्क भिजेरै भएनि हिँडेको सम्झनाका डोबहरू सङ्ग्रहित छन् । चाङफेङलाई मलेरिया हुँदा, शरीरमा अप्ठ्यारो हुँदा अध्यक्ष माओसँग लुकाउन नसकेका घटना र उहाँको मायालु र स्नेही व्यवहारको मन खोलेर बयान पुस्तकमा गरिएको छ । कहिलेकाहीँ चेङलाई लाग्थ्यो- “म उहाँको सहजताका निम्ति छु या अप्ठ्यारोका निम्ति ।”

लामो हिँडाइ तिब्बती क्षेत्र पुग्दा (कान्सुको हुइ क्षेत्र) पकाउन पिठो, चामल थिएन मकै मात्र थियो । चाङफेङले एउटा खसी ढाले, अरू पकाएनन् । अध्यक्ष माओले तिनलाई परिवेशअनुसार आचरण, खानपिन र लवाइखवाइ सिक्नुपर्ने नत्र भोकै परिने शिक्षा दिनुभएको स्मरण छ ।

सन् १९३६ वसन्ततिर चाङफेङलाई लालसेना ऐकेडेमीमा पढ्नका निम्ति पठाउने निधो अध्यक्ष माओले गर्नुभयो । जान अन्कनाइरहेका उनलाई माओले भन्नुभयो - “पढ्नुलेख्नु भनेको अफिसर मात्र बन्नलाई होइन । योभन्दा सक्षम र सबल बने देश र जनताका निम्ति अझ योगदान गर्न सक्नेछौ ।” लालसेना एकेडेमीको पढाइपछि उनी उत्तरपश्चिम सुरक्षा ब्युरोमा खटाइन्छन्, सानो बटालिएन कमान्डर बन्छन् । त्योबिचमा अध्यक्ष माओसँगको मिठो र अमूल्य भेटलाई असाध्यै सुन्दर प्रस्तुति दिइएको छ ।

चाङफेङका लागि पार्टीको निर्देशन नै सबैभन्दा माथि थियो । पार्टीले सान तुङ जस्तो निकै टाढा पठाउने निर्णय गर्दा चाङफेङले सहर्ष स्वीकारे र अध्यक्ष माओसँग बिदा लिन गए । अध्यक्ष माओले उनको नोटबुकमा लेख्नुभएका अक्षरहरू पुस्तकमा महत्त्वका साथ छापिएको छ । “कामरेड चाङफेङ, मेहनतसाथ काम गर । पार्टी र जनताप्रति इमानदार बन । हरेक पाइलामा सफलताको शुभकामना !” अध्यक्ष माओको यो भनाइ चाङफेङको जीवनदर्शन बन्यो ।

यसरी अध्यक्ष माओका सच्चा कार्यकर्ता चाङफेङहरू अर्थात् चाङफेङजस्ता करोडौँ-करोड कामरेडहरूको समर्पण, पार्टी र क्रान्तिप्रतिको इमानदारीले चिनियाँ क्रान्ति सफल भयो । चीनमा जनगणतन्त्र स्थापना सम्भव भयो । बाहिरी र भित्री शत्रु परास्त भए र मुक्ति प्राप्त भयो ।

आजको चीनमा मनाइने मुक्ति दिवसहरूमा अध्यक्ष माओ र चाङफेङहरूको योगदान जीवित र जवान रहेको आभास मिल्छ । लामो हिँडाइ र सङ्घर्षका थुप्रै-थुप्रै ऐतिहासिक अध्यायहरूको जुझारु धुन बजेको सुनिन्छ ।

# अमेरिका–इरान तनाव चर्कियो दुवै पक्षबाट आक्रमण जारी



वाशिङ्टन्, तेहरान, २८ असार (सिन्हवा)। अमेरिकी सेन्ट्रल कमाण्डले आइतबार इरानविरुद्धको सैन्य अभियानको तेस्रो चरण सम्पन्न भएको जनाएको छ। कमाण्डका अनुसार यस चरणमा करिब १४० वटा लक्ष्यमा आक्रमण गरिएको छ।

सामाजिक सञ्जाल 'एक्स' मार्फत सेन्ट्रल कमाण्डले जनाएअनुसार आक्रमणका क्रममा क्षेप्यास्त्र तथा ड्रोन प्रक्षेपणस्थल, गोलाबारुद भण्डारण केन्द्र, सञ्चार उपकरण तथा अन्य सैन्य पूर्वाधारलाई निशाना बनाइएको थियो।

यसअघि जारी अर्को विज्ञप्तिमा कमाण्डले व्यावसायिक जहाजमाथि भएका आक्रमणपछि इरानलाई समभ्रदारीपत्र पालना गर्ने अवसर दिइएको भए पनि त्यसमा असफल भएको दाबी गरेको थियो।

यसैबिच, युनाइटेड किङ्डम मेरिटाइम ट्रेड अपरेसन्सले शनिबार अबेर ओमानको तट नजिक भएको एक घटनामा क्षति पुगेपछि एउटा कन्टेनर जहाजमा आगलागी भएको जनाएको छ।

इरानको सरकारी सञ्चारमाध्यम 'प्रेस टिभी'का अनुसार दक्षिणी इरानका विभिन्न सहरमा विस्फोट भएका छन्। साथै, इरानले मध्यपूर्वमा रहेका अमेरिकी लक्ष्यविरुद्ध शृङ्खलाबद्ध जवाफी आक्रमण सुरु गरेको जनाएको छ। समाचारमा संयुक्त अरब इमिरेट्स र कतारमा आक्रमण भएको तथा बहराइनमा क्षेप्यास्त्र चेतावनी साइरन बजाइएको उल्लेख गरिएको छ।

कतारको गृह मन्त्रालयले केही घण्टाभित्र दोस्रोपटक राष्ट्रिय सुरक्षा सतर्कताको स्तर बढाउँदै सार्वजनिक चेतावनी जारी गरेको थियो। मन्त्रालयले नागरिकलाई घरभित्रै बस्न, सिसाका झ्यालबाट टाढा रहन, अनावश्यक आवतजावत नगर्न तथा सुरक्षा निकायका निर्देशन पालना गर्न आग्रह गरेको छ।

इरानको इस्लामिक रिभोलुसन गार्ड कोर्प्सले जोर्डनस्थित प्रिन्स हसन एयर बेसको कमाण्ड तथा नियन्त्रण केन्द्र र ड्रोन ह्याङ्गरमा आक्रमण गरी ध्वस्त पारेको दाबी गरेको छ।

यसअघि इरानले अनधिकृत मार्ग प्रयोग गरिरहेको एक जहाजमाथि कारबाही गरिएको जनाउँदै त्यसपछि होर्मुज जलसन्धि बन्द गरिएको घोषणा गरेको थियो। साथै, उक्त घटनाको प्रतिशोध लिन गरिने कुनै पनि प्रयासको कडा जवाफ दिइने चेतावनी पनि दिएको थियो।

आइआरजीसीको नौसेनाले जारी गरेको विज्ञप्तिमा समुद्री सुरक्षालाई जोखिममा पार्ने गरी आफ्नो पहिचान प्रणाली बन्द गरेको जहाजलाई लक्षित गरी कारबाही गरिएको उल्लेख गरिएको छ। विज्ञप्तिअनुसार, होर्मुज जलसन्धि अर्को सूचना जारी नभएसम्म तथा त्यस क्षेत्रमा अमेरिकी सैन्य हस्तक्षेप अन्त्य नभएसम्म बन्द रहनेछ।

# अटो उद्योग सङ्कटले जर्मनीका युवा इन्जिनियरको रोजगारी प्रभावित

फ्राङ्कफर्ट, २८ असार (एएफपी)। एक वर्षदेखि रोजगारीको खोजीमा रहेका जर्मन सफ्टवेयर इन्जिनियर म्याक्स पेलले ठूला अटोमोटिभ आपूर्तिकर्ता कम्पनीमा काम गरेको अनुभवसहित करिब ५० वटा आवेदन पठाइसक्नुभएको छ, तर अझै स्थायी जागिर पाउन सक्नुभएको छैन्।

स्वायत्त तथा बौद्धिक ड्राइभिङ प्रणालीका लागि महत्त्वपूर्ण मानिने 'कम्प्युटर भिजन' प्रविधिमा दक्ष पेलले कुनै समय जर्मनीका ठूला औद्योगिक कम्पनीमा सहजै अवसर पाउने अपेक्षा गर्नुहुन्थ्यो। तर युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रमा देखिएको सुस्त वृद्धि र चीनबाट बढ्दो प्रतिस्पर्धाले युवा इन्जिनियरलाई प्रभावित बनाएको छ।

"धेरैजसो अवस्थामा आवेदन सीधै अस्वीकार हुन्छ," ३० वर्षीय पेलले फ्राङ्कफर्टमा एएफपीसँग भन्नुभयो, "मैले अहिलेसम्म एउटा मात्र अन्तर्वार्ता दिएको छु। मेरा साथीको अवस्था पनि यस्तै छ; एकजनाले त ६० भन्दाबढी आवेदन पठाइसकेका छन्।"

'स्वर्ण युग' समाप्त

अत्याधुनिक प्रविधि र नवीन डिजाइनका लागि विश्वभर परिचित जर्मनीको कार उद्योग, जुन ठूलो मात्रामा निर्यातमा निर्भर छ, पछिल्ला वर्षमा कठिन अवस्थाबाट गुज्रिरहेको छ।

चिनियाँ कार निर्माता कम्पनी बीवाइडी र एक्सपेङले विश्वको सबैभन्दा ठूलो अटो बजारमा जर्मन सवारीसाधन उत्पादकको हिस्सा घटाउँदै लगेपछि जर्मन कम्पनीले स्वदेशमै कठिन पुन:संरचना गर्नुपर्ने अवस्था आएको छ।

कोलोनस्थित आइडब्ल्यू आर्थिक संस्थानका यातायात अर्थशास्त्री थोमस पल्सका अनुसार, जर्मनीमा सवारीसाधन उत्पादन पछिल्ला वर्षमा उल्लेखनीय रूपमा घटेको छ।

"दश वर्षअघि हामी वार्षिक करिब ६० लाख सवारीसाधन उत्पादन गर्थ्यौं, अहिले यो सङ्ख्या ४० देखि ४२ लाखको आसपास स्थिर छ," उहाँले भन्नुभयो, "अन्य युरोपेली देशको तुलनामा अवस्था राम्रो भए पनि पुरानो 'स्वर्ण युग' अब फर्किने छैन।"

यसैको सङ्केतस्वरूप जर्मनीभर फक्सवागनका कारखानाका कामदारले हालै विरोध प्रदर्शन गरेका छन्। कम्पनीले एक लाखसम्म रोजगारी कटौती गर्ने योजना बनाइरहेको समाचार सार्वजनिक भएपछि विरोध भएको हो।

सङ्घीय रोजगार एजेन्सी (एफइए)का अनुसार सन् २०२५ सम्मको पाँच वर्षमा जर्मनीको समग्र रोजगारी केही बढे पनि अटोमोटिभ क्षेत्रमा भने रोजगारी आठ प्रतिशतले घटेको छ।

जर्मन उद्योग समग्र रूपमा चीनबाट आएको प्रतिस्पर्धाको दोस्रो चरणको दबाब सामना गरिरहेको छ। कम लागतका उत्पादनबाट टाढा सर्दै उच्च प्रविधियुक्त वस्तु उत्पादनमा केन्द्रित जर्मन कम्पनी पहिलेको बलियो निर्यात बजार गुमाउँदै गएका छन्।

जर्मनीको कुल निर्यात गत वर्ष एक दशमलव ५६ ट्रिलियन युरो पुगेको थियो, जुन सन् २०२२ को उच्च बिन्दुको तुलनामा करिब दुई प्रतिशत कम हो। सोही अवधिमा चीनतर्फको निर्यात भने करिब एक चौथाइ घटेर ८१ दशमलव तीन अर्ब युरोमा सीमित भएको तथ्याङ्क कार्यालय डेस्टाटिसले जनाएको छ।

**युवा इन्जिनियरमा बढ्दो चुनौती**

टायर निर्माता तथा औद्योगिक आपूर्तिकर्ता कन्टिनेन्टलको अटोमोटिभ व्यवसायमा तालिम पूरा गर्नुभएका पेलले कम्पनीमा भइरहेको पुन:संरचनाले आफ्नो रोजगारी सम्भावनामा असर पारेको बताउनुभयो।

"मैले काम सुरु गर्दा नै कम्पनीका विभिन्न भाग पुन:संरचना भइरहेको देखिन्थ्यो," उहाँले भन्नुभयो, "अनुभवी सहकर्मीहरू बाहिरिँदै गरेको देख्दा त्यहाँ नयाँ व्यक्तिलाई अवसर पाउने सम्भावना कम हुने महसुस हुन्थ्यो।"

जर्मनीको प्रतिष्ठित आरडब्ल्यूटीएच आचेन विश्वविद्यालयकी करियर सेवा प्रमुख आन्जा रोबर्टका अनुसार, उत्कृष्ट विद्यार्थीले अहिले जागिर पाउन लामो समय कुर्नुपर्ने अवस्था आएको छ।

"विद्यार्थीहरू हामी कहाँ आएर भन्छन्, मैले ३० वटा आवेदन दिएँ, तर कुनै प्रतिक्रिया पाइनँ। आखिर समस्या के हो" उहाँले भन्नुभयो, "अब बीएमडब्ल्यूजस्ता कम्पनीमा आवेदन दिँदैमा जागिर सुनिश्चित हुँदैन।"

एफइएका अनुसार, गत वर्ष योग्य इन्जिनियरको बेरोजगारी दर तीन दशमलव आठ प्रतिशत पुगेको थियो, जुन सन् २०२२को तुलनामा करिब ५० प्रतिशतले बढी हो।

यद्यपि केही इन्जिनियरले अवसर पाउन सफल भएका छन्। इलेक्ट्रिकल इन्जिनियर लुका लिन्सेनले महिनौँको खोजीपछि यसै महिना ह्याम्बर्गमा सफ्टवेयर परामर्शदाताको रूपमा काम सुरु गर्नुभएको छ।

"इन्जिनियरिङ अध्ययन गर्दा हामीलाई डिग्री पूरा हुनुअघि नै जागिर सुनिश्चित हुन्छ भन्ने विश्वास दिलाइएको थियो," उहाँले भन्नुभयो, "यदि तपाईं इन्जिनियरिङ पढ्न चाहनुहुन्छ भने, प्रविधिप्रतिको रुचि र लगावका कारण पढ्नुहोस्। केवल राम्रो आम्दानी वा जागिरको सुनिश्चितताका लागि मात्र यो क्षेत्र रोज्नु उचित हुँदैन।"

# टोरन्टो साल्सा फेस्टिभलमा गोलीकाण्डः दुईको मृत्यु, चार घाइते




टोरन्टो, २८ असार (एएफपी)। क्यानाडाको टोरन्टोमा आयोजित 'साल्सा फेस्टिभल'मा शनिबार भएको गोलीकाण्डमा दुई जनाको मृत्यु भएको छ भने कम्तीमा चार जना घाइते भएका छन्। स्थानीय प्रहरीका अनुसार घटनामा सङ्लग्न आशङ्कित आक्रमणकारी अझै फरार छन्।

टोरन्टो प्रहरीले घटनास्थलमा गोली लागेको अवस्थामा छ जना भेटिएको जनाएको छ। तीमध्ये दुई जनालाई घटनास्थलमै मृत घोषित गरिएको थियो। घाइतेहरूको स्वास्थ्य अवस्थाबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

प्रहरीले घटनास्थल वरपरको क्षेत्र घेराबन्दी गरी व्यापक अनुसन्धान अघि बढाएको जनाएको छ। अनुसन्धानका लागि ठूलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ।

घटनास्थलमा रहेका एएफपीका पत्रकारका अनुसार गोलीकाण्ड सेन्ट क्लेर एभिन्यूमा सञ्चालन भइरहेको साल्सा महोत्सवका क्रममा भएको हो।

ओन्टारियोका प्रिमियर डग फोर्डले सामाजिक सञ्जालमार्फत घटनाप्रति दु:ख व्यक्त गर्दै यसलाई 'अर्थहीन हिंसा'को सङ्ज्ञा दिनुभएको छ। उहाँले घटनामा दुई जनाको ज्यान गएको र अन्य व्यक्ति घाइते भएको उल्लेख गर्नुभयो।

यो घटना गत महिनाको अन्त्यतिर मन्ट्रियलमा भएको गोलीकाण्डको केही समयपछि भएको हो। उक्त घटनामा एक प्रहरी अधिकारीसहित दुई जनाको मृत्यु भएको थियो भने सुरक्षाकर्मीको कारबाहीमा आक्रमणकारी मारिएका थिए।

यसअघि फेब्रुअरीमा क्यानडाको पश्चिमी खानी सहर टम्बलर रिजस्थित एक विद्यालयमा भएको गोलीकाण्डमा आठ जनाको मृत्यु भएको थियो। उक्त घटनामा आक्रमणकारीले आफ्नी आमा र सौतेनी भाइको हत्या गरेकी थिइन् भने २७ जना घाइते भएका थिए। त्यसपछि उनले आत्महत्या गरेकी थिइन्।

# अल्भारेजको निर्णायक गोलमा अर्जेन्टिना विश्वकप सेमिफाइनलमा

कान्सास सिटी,२८ असार (एपी)। अतिरिक्त समयको ११२ औं मिनेटमा जुलियन अल्भारेजले गरेको निर्णायक गोलसँगै साविक विजेता अर्जेन्टिनाले स्विट्जरल्यान्डलाई ३-१ ले हराउँदै फिफा विश्वकप २०२६ को सेमिफाइनल यात्रा तय गरेको छ।

अतिरिक्त समयको अन्तिम क्षणमा लाउटारो मार्टिनेजले अर्को गोल थपेपछि अर्जेन्टिनाको जित सहज देखिए पनि खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो। अर्जेन्टिनाका लागि पहिलो गोल एलेक्सिस म्याक एलिस्टरले लियोनेल मेसीको कर्नर पासमा गरेका थिए।

यस जितसँगै अर्जेन्टिनाले बुधबार एटलान्टामा हुने सेमिफाइनलमा इङ्ल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। इङ्ल्यान्डले क्वार्टरफाइनलमा नर्वेलाई २-१ ले हराएर अन्तिम चारमा स्थान बनाएको थियो।

मेसीको लगातार नौ विश्वकप खेलमा गोल गर्ने शृङ्खला यस खेलमा रोकिए पनि अर्जेन्टिनाको लगातार दोस्रो विश्वकप उपाधि जित्ने अभियान भने कायम रहेको छ। अर्जेन्टिना, इङ्ल्यान्ड, फ्रान्स र स्पेन सेमिफाइनलमा पुगेसँगै फिफा वरीयताका शीर्ष चार टोली पहिलोपटक एकै विश्वकपको अन्तिम चारमा पुगेका छन्।

दोस्रो हाफमा रेफ्रीको एउटा निर्णय विवादको विषय बन्यो। ६७ औं मिनेटमा डान एनडोयेले स्विट्जरल्यान्डका लागि बराबरी गोल गरेपछि लिआन्ड्रो पारेडेसलाई ब्रिल एम्बोलोमाथि फाउल गरेको भन्दै पहेँलो कार्ड देखाइएको थियो। तर भिडियो समीक्षामा सम्पर्क हुनुअघि नै एम्बोलो लडेको देखिएपछि निर्णय संशोधन गरियो। यसअघि नै पहेँलो कार्ड पाइसकेका एम्बोलोलाई अन्ततः मैदानबाट बाहिर पठाइएपछि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित भयो।

विश्वकपमा 'गलत खेलाडीको पहिचान'सम्बन्धी नियम प्रयोग गरी भिडियो सहायक रेफ्रीको हस्तक्षेपबाट कार्डको निर्णय परिवर्तन गरिएको यो दोस्रो घटना हो।

क्वार्टरफाइनलसम्म आइपुग्दा अर्जेन्टिनाले नकआउट चरणका दुवै अघिल्ला खेलमा कठिन सङ्घर्ष गरेको थियो। अन्तिम १६ मा केप भर्डेलाई अतिरिक्त समयमा हराएको अर्जेन्टिनाले त्यसपछि इजिप्टविरुद्ध निर्धारित समयको अन्तिम चरणमा पुनरागमन गर्दै क्वार्टरफाइनल यात्रा तय गरेको थियो।

स्विट्जरल्यान्डले भने सन् १९५४ पछि पहिलो पटक विश्वकपको क्वार्टरफाइनल खेलेको थियो। तर उसले अझै पनि विश्वकप इतिहासमा पहिलोपटक सेमिफाइनल पुग्ने लक्ष्य पूरा गर्न सकेन।

खेलको सुरुआतमा बलमा स्विट्जरल्यान्डको पकड देखिए पनि मेसीको कर्नरमा म्याक एलिस्टरले गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाएका थिए।

दोस्रो हाफमा अर्जेन्टिनाका गोलरक्षक एमिलियानो मार्टिनेजले दुई महत्त्वपूर्ण बचाउ गरे पनि रिकार्डो रोड्रिगेजको पासमा डान एनडोयेले गोल गर्दै खेल १-१ को बराबरीमा ल्याएका थिए।

निर्धारित समयको अन्त्यतिर अर्जेन्टिनाले लगातार दबाब सिर्जना गरे पनि विजयी गोल निकाल्न नसकेपछि खेल अतिरिक्त समयमा पुगेको थियो। त्यसपछि ११२ औं मिनेटमा अल्भारेजले लामो दूरीबाट उत्कृष्ट गोल गर्दै अर्जेन्टिनालाई पुन: अग्रता दिलाए। इन्जुरी समयमा लाउटारो मार्टिनेजले अर्को गोल थपेपछि अर्जेन्टिनाले ३-१ को जित सुनिश्चित गर्‍यो।

# आदिकवि भानुभक्त आचार्यको सङ्क्षिप्त जानकारी

✍ न्हुछेरत्न वुद्धाचार्य

*"मान्छेलाई बाँच्नको लागि एक चिम्टी बल, एक चिम्टी आधार र एक चिम्टी प्रेम चाहिन्छ ।"*
***- भानुभक्त आचार्य***

भानुभक्त आचार्यको जन्म बुबा धनञ्जय आचार्य र आमा धर्मावतीदेवीका पुत्रका रूपमा तनहुँको रम्घामा वि.सं. १८७१ असार २९ गते भएको थियो । उनले बाजे श्रीकृष्ण आचार्यबाट शिक्षा पाएका थिए । उनको वास्तविक नाम देवीभक्त आचार्य हो ।

भानुभक्तले १० वर्षमा चन्द्रकान्ता खनालसँग विवाह गरेका थिए । चन्द्रकान्ताको मृत्युपछि ११ वर्षमा उनले चन्द्रकला देवीसँग दोस्रो विवाह गरेका थिए ।

भानुभक्त आचार्य एउटा गरीब घाँसीबाट कवि बन्न ठुलो प्रेरणा मिल्यो । घाँसीले घाँस काटेर पाटी पौवा बनाउने इच्छा राखेका थिए । उनले विश्वको प्रथम महाकाव्य रामायणको अनुवाद नेपाली भाषामा गरे । रामायण प्रत्येक नेपालीको घरमा पढियो र सम्झियो । यसले गर्दा नेपाली भाषाको खुबै प्रचार भयो । भानुभक्तभन्दा पहिले देशमा कैयौं भाषा बोल्थे । सबैको भाषा बुझ्न सक्दैनथे । यसैकारणले भानुभक्तले देशलाई एउटै भाषा दिने प्रयत्न गरे । यसले गर्दा देशको एकता भाषिक बढ्यो ।

भानुभक्तको बाल्यकालीन समयमा नेपालमा संस्कृत भाषाको बोलचाल थियो । त्यतिबेला नेपाली भाषालाई तुच्छ सम्झिन्थे । तर, उनले नेपाली भाषालाई शिरको ताज बनाए । उनी सानैमा नेपाली भाषाको कवितामा बोल्थे, कवितामा गाउँथे, कवितामा नाच्थे । एक पटक एक जना बटुवाले उनको परिचय माग्दा उनले कवितामा जवाफ दिएका थिए ।

भानुभक्त साँच्चै नेपाली साहित्यमा भानु भएर भक्तिरूपी काव्यका आलोक हुन् । सर्वप्रथम घाँसीबाट प्रेरणा पाई कविता लेखनको आरम्भ गरेका भानुभक्तको पहिलो कविता पनि 'घाँसी' नै रहेको छ ।

भानुभक्तले देशप्रेमको भावना नेपाली भाषामा व्यक्त गरे । राम र सीताको कथाले देशमा उत्साह र जागृतिको लहर फैलियो । रामभक्ति धारामा कविता लेख्ने कविमा भानुभक्तको नाम सर्वप्रथम आउँछ । भानुभक्तलाई आदिकवि मानिन्छ । उनको रामायण नेपालीको आदिम महाकाव्यको रूपमा चर्चित छ । यसको अतिरिक्त



भानुभक्तले 'वधू शिक्षा', आफ्नो मित्र तारापति उपाध्यायका घरमा बस्दा एकै रातमा लेखिएको थियो । अर्को कृति 'भक्तमाला' र 'प्रश्नोत्तरमाला' विं सं. १९१० मा उनले रचना गरेका थिए ।

नेपाली वाङ्मयका ज्योति भानुभक्त आचार्य राणाकालीन सङ्कटपूर्ण र अस्थिर वातावरणभित्र रामको आदर्श सृष्टि गर्ने एक मार्गदर्शक हुन् । नेपाली जगतमा एकै पटक भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, परम्परा, देशप्रेमजस्ता समग्र विषयको समन्वय एवं समष्टिभाव प्रकट गरेर भानुभक्तले आदिकवि तथा राष्ट्रिय विभूतिजस्तो ठुलो सम्मान पाएका हुन् ।

भानुभक्तले ३७ वर्षको उमेरमा सरकारी जागीर पाएका थिए । तर, हाकिमले दुई वर्षमा नै उनको जागीर खोसे । त्यसपछि उनलाई बाबुले तिर्नुपर्ने रकम नतिरेको अभियोगमा कुमारी चोकमा थुनियो । उनका लागि जेल यात्रा वरदान बन्यो । उनले पाँच महिना कैदी हुँदा रामायणको 'अयोध्या काण्ड', 'सुन्दरकाण्ड' को पद्य अनुवाद सकाएका थिए । कुमारी चोकको हिसाब मिलाउन नसकेर कैदमा परेका भानुभक्त आचार्यले सरकारी कार्यालयमा हुने ढीलासुस्ती र भोलिवादका कट्टरविरोधी भएर कविता लेखे । "भोलि भोलि हुँदैमा सब घर बिति गो बक्सियोस् आज झोली" भनेर ब्यङ्ग्य गरेका थिए ।

भानुभक्त नेपाली साहित्यका बलियो जग, जातीय एकताका सूत्रधार, राष्ट्रिय संस्कृतिका संवाहक, भाषिक एकताका सर्जक, राष्ट्रिय विभूति र प्रेरणा स्रोत हुन् ।

भानुभक्त आचार्यलाई संसारभरिका नेपाली जनताले मानव सेवाको रूपमा ग्रहण गरेका हुन् । भारतको दार्जलिङमा र सिक्किममा भानु जयन्तीलाई पर्वको रूपमा मनाइने गरिन्छ ।

वि.सं. १९८६ तिरबाट सूर्यविक्रम ज्ञवाली, पारसमणी प्रधानजस्ता व्यक्तिहरूले नेपाल बाहिरका विभिन्न क्षेत्रमा भानुभक्तलाई प्रचार प्रसार गरेपछि नेपाली भाषा सबै क्षेत्र या अन्तर्राष्ट्रिय रुपमा मान्यता पाए ।

भानुभक्तलाई मोतीराम भट्टले पहिलो पटक नेपाली भाषाको आदिकवि उपाधि दिन सहयोग गरेका थिए । उनका पाण्डुलिपिलाई सङ्ग्रह गरेर मोतीराम भट्टले प्रकाशित गरेपछि उनी नेपाली साहित्यमा चिनिएका हुन् ।

कवि शिरोमणी लेखनाथ पौड्याल लेख्नुहुन्छ, "नेपाल राष्ट्र रहेसम्म भानुभक्त अमर रहिरहनेछन् ।"

भानुभक्तले सांस्कृतिक रूपमा नेपाली भाषालाई एउटै मालामा गाँसेर भाषिक एकता गरे ।

२०३४ सालदेखि भानु जयन्तीका दिन भानुभक्तको फोटोलाई रथारोहण गराई राजधानीको विभिन्न ठाउँमा प्रभातफेरीको आयोजना गरिएको थियो ।

नेपाली भाषा साहित्यको अमरत्वका साथमा भानुभक्त आचार्यको अमरत्व सदा सर्वदा यो धरतीमा सधैं सम्झिरहनेछ । यसरी राष्ट्रको सेवा गर्ने भानुभक्त आचार्यको निधन वि.सं. १९२५ मा भएको थियो ।

**सन्दर्भ सूची**

१) Heroes and builders of Nepal – R.K Shah
२) साहित्य प्रकाश – केशवप्रसाद उपाध्याय
३) गुगल

# बाजा सिकाउने कविलास नाट्यश्वरी पुग्दा

✍ इन्द्र

नेपालका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरूमध्ये कविलास नाट्यश्वरी पनि एक हो । यसलाई कपिलेश्वर तथा नाट्यश्वरी पनि भनिन्छ । यो नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका वडा नं. २ मा पर्दछ । यो धार्मिक डाँडाको टुप्पोमा अवस्थित छ । कपिलेश्वरलाई अग्निको एक रूप मानिन्छ । यसलाई विष्णुको चौबिस अवतारमध्ये एक अवतार मानिन्छ । यो धार्मिक स्थल काठमाडौँको सामाखुसी, टोखाबाट करिब ३५ किलो मिटर उत्तरमा पर्दछ । यो लिखु, छहरे फाँटबाट करिब ७/८ किलोमिटर उत्तर पहाडको टुप्पोमा अवस्थित छ । यो कविलासको फेदमा नेपाली शैलीको कलात्मक प्रवेशद्वारको निर्माण अन्तिम चरणमा पुगेको छ । यहाँबाट पश्चिमपट्टि अलि हिँडेपछि ६७० वटा ठाडो सिँढी वा खुड्किलो चढेर माथि टुप्पोमा जानुपर्छ । सबभन्दामाथि टुप्पोमा कपिलेश्वर महादेवको मन्दिर रहेको छ । यो चारमुखे शिवलिङ्गको महादेव हो । यहाँबाट दक्षिण पश्चिमतिर अलि तल सरस्वतीको मन्दिर रहेको छ । त्यहाँ गयो भने अन्त जाने बाटो छैन । त्यहीबाट उकालो चढेर फेरि त्यही फर्केर आउनुपर्छ ।

स्थानीय जनविश्वासअनुसार यस स्थानको नाम महर्षि कपिलसँग जोडिएको छ । प्राचीन समयमा महर्षि कपिलले यहाँ आएर तपस्या गरेको र शिवसँगको आराधना गरेको जनविश्वास छ । त्यसपछि शिव स्वयँ यहाँ प्रकट भएको र त्यसैको स्मरणमा यस स्थानको नाम कपिलेश्वर रहन गएको मानिन्छ । यो हिन्दू र बौद्ध दुबै समुदायको आस्थाको केन्द्र मानिन्छ ।

केही स्थानीय परम्पराअनुसार गुरु पद्मसम्भव (गुरु रिम्पोचे) सँग सम्वन्धित श्रद्धा पनि यस क्षेत्रमा पाइन्छ । यस मन्दिर वरिपरि वन क्षेत्र रहेको छ । त्यसैले यो धार्मिक क्षेत्रमा विभिन्न प्रकारका वनस्पति, चराचुरुङ्गी र वन्यजन्तु पनि पाइने हुँदा पर्यायवरणीय दृष्टिले महत्त्वपूर्ण छ ।

यो पहाडको टुप्पामा कविलास अर्थात् कपिलेश्वर महादेव विराजमान छ । चारमुखे कपिलेश्वर मन्दिर वरपर तीनवटा जस्ताको छाना छाएको पाटी र टहरा रहेका छन् । जहाँ तीर्थयात्रीहरू आराम गर्ने गर्दछन् । यहाँबाट पूर्वातिर अलि तल ओर्लेपछि नाट्यश्वरी मन्दिर आउँछ । यो पहाडको खोँचमा ढुङ्गाको खोपीजस्तो ठाउँमा रहेको छ । यो दक्षिणाभिमुख छ । मूर्तिको आकृति स्पष्ट देखिँदैन । खोपीजस्तो मात्र देखिन्छ । यहाँ सानो ढुङ्गाको कलात्मक कुकुरको मूर्ति राखेको छ । यो कुकुर विश्वकर्माको प्रतीक नास:द्योको बहान हो । यो देवता वा मन्दिरले मानिसहरूलाई बाजा बजाउने सीप र कला सिकाउने जनविश्वास छ । यहाँ विशेष गरी हावापानी मौसमअनुकूल फागुन र चैततिर बाजा सिकेका कलाकारहरू श्रद्धापूर्वक पूजा गर्न यहाँ आउने गर्दछन् । दाफा, भजन, धिमे धाँ, पछिमाय्, ढोलक, बाँसुरी आदि सिकेका, दीक्षित भएका भक्तजन कलाकारहरू आउने गर्दछन् ।

यस धार्मिक तीर्थस्थलमा भक्तपुर, ललितपुर, काठमाडौँ, कीर्तिपुर, सतुंगल, चन्द्रागिरी, दल्लु, थेचो, धसी, लुँभु, दधिकोट, दुवाकोट, ठिमी, निकोसेरा आदि ठाउँबाट बाजागाजा, भजन, दाफा सिकेका भक्तजन, कलाकारहरू यहाँ एक पटक भए पनि आउनुपर्ने मान्यता छ । त्यसैले यहाँ भोजको आयोजना गरेर सिकेको बाजा बजाउन आउने गर्दछन् । यहाँ महाशिवरात्रिका दिन विशेष मेला लाग्ने गर्दछ । यहाँ साउन महिनाको सोमबार तथा शिवसम्बन्धी पर्वहरूमा ठुलो सङ्ख्यामा भक्तजनहरूको मेला लाग्ने गर्दछ ।

तल लिखु, छहरे फाँटबाट माथि कविलासको टुप्पोसम्म गाडी पुग्छ । बाटो सबै ठाउँमा पिच नै छ । तर, बाटोभरि ठाउँ ठाउँमा नाङ्ला जत्रा र त्यो भन्दा पनि ठुला ठुला पिच उप्किएको खाल्डो देखिन्छ । ठेक्का, सम्झौतामा पक्कै पनि कम्तीमा दुई तीन इन्च पिच हुनुपर्ने होला तर एक इन्च पनि देखिँदैन । बाटोको दयनीय अवस्था परिणामले त्यसबेलाका नुवाकोटका मन्त्री, सांसद, कर्मचारी, गाउँपालिका अध्यक्षले बेवास्ता गरेको देखिन्छ । त्यस्तो देशको सम्पति लुट्ने ठेकेदारलाई कानुनको दायरामा ल्याएर हर्जाना, तिराउनुको साथै जेल कोच्नु आवश्यक छ । चाहे काङ्ग्रेस, एमाले, माओवादी, राप्रपा जनुसुकै दलका जनप्रतिनिधि, दलको संरक्षण पाएको छाता ओढ्ने होस् । गलत कामको लागि वा अपराधको लागि सजाय दिनु देशको भलो गर्नु हो ।

त्यसैले कलाकारहरू प्राकृतिक र सांस्कृतिक रूपले रमणीय, महत्त्वपूर्ण तीर्थस्थल कविलास नाट्यश्वरी मन्दिरमा पुग्नु स्वाभाविक हो ।

# उद्यमीदेखि प्रशिक्षकसम्मको यात्रा

✍ अञ्जली थापा

हेटौँडा (मकवानपुर), २८ असार । हेटौँडा-५ पिप्लेकी विष्णुकुमारी राईलाई १२ वर्षअघि समाजले एउटा सामान्य गृहिणीभन्दा बढी केही ठानेको थिएन । अहिले अवस्था फेरिएको छ । त्यही समाजले काठका सामग्री बनाउन, सीप सिकाउन र उद्यम सञ्चालनका लागि उहाँकै सहयोग खोज्छ ।

सामान्यतया कामकाजी भन्नेबित्तिकै सफा पोशाक, सुविधासम्पन्न कार्यालय, कम्प्युटर, फाइल र मासिक तलबको कल्पना गरिन्छ । तर, विष्णुकुमारीको कार्यस्थल भने काठको धुलोले भरिएको कार्यशाला हो । बिहान घरधन्दा सकेपछि उहाँ काठका मुडा, फल्याक र अन्य सामग्रीमा सुन्दर बुट्टा कुँद्न थाल्नुहुन्छ । बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म विष्णुकुमारीको समय सिर्जनात्मक श्रममै बित्छ ।

दैनिक हजारौँ युवा रोजगारीको खोजीमा विदेशिइरहेका बेला महिलाले काठको काम गरेर जीवन धान्नु अझै पनि धेरैका लागि नौलो विषय हो । तर, विष्णुकुमारीका लागि यही श्रम सम्मान, आत्मविश्वास र पहिचान बनेको छ । दिनभरि शरीर थाके पनि उहाँको मन भने नयाँ सृजना गर्ने उत्साहले भरिएको हुन्छ ।

"रात बितेर बिहान कहिले हुन्छ र फेरि काममा फर्कन पाइन्छ भन्ने लागिरहन्छ," विष्णुकुमारी मुस्कुराउँदै भन्नुहुन्छ । एक समय उहाँको दैनिकी घरधन्दा, गाईवस्तुको स्याहार, घाँसदाउरा र सोत्तर बोक्नमै सीमित थियो । पिप्लेपोखरा सामुदायिक वन उहाँका लागि घाँस र दाउराको स्रोतमात्रै थियो । तर, सामुदायिक वनले हरित रोजगारी र वनमा आधारित उद्यम विकासको अवधारणा अघि सारेपछि विष्णुकुमारीको सोचमात्र होइन, जीवन नै बदलियो । घाँसदाउरा बोकेका ती हातले अहिले काठका मुडा, फल्याक र काष्ठ हस्तकलाका आकर्षक सामग्री सृजना गर्छन् । सुरुमा महिलाले पनि काठको काम गर्न सक्छन् भन्ने विश्वास उहाँलाई स्वयंलाई थिएन ।

तर, एक दिन सामुदायिक वनमार्फत महिलालाई उद्यमी बनाउने उद्देश्यले काष्ठ हस्तकलाको तालिम सञ्चालन हुने जानकारी पाएपछि विष्णुकुमारीको जीवनले नयाँ मोड लियो । त्यो दिन आवश्यकतासँगै रहरले सुरु गरेको तालिम नै उहाँको भविष्य बन्यो । तालिमपछि उहाँले काष्ठ हस्तकलालाई व्यवसायका रूपमा अघि बढाउने निर्णय गर्नुभयो । अहिले विष्णुकुमारीको नेतृत्वमा सञ्चालित 'श्रमजीवी महिला काष्ठ हस्तकला लघुउद्यम' ले सामूहिक रूपमा सामग्री उत्पादन गर्दै राम्रो आम्दानी गरिरहेको छ ।

'एकले थुकी सुकी, हजारले थुकी नदी' उखान सम्झँदै उहाँ भन्नुहुन्छ, "हामी समूहमा काम गर्छौं । एउटाको सीप अर्कोको बल बन्छ । त्यसैले हाम्रो उत्पादन पनि बढेको छ र आम्दानी पनि ।" उहाँहरूको समूहले वनमा खेर जाने विभिन्न प्रकारका काठलाई उपयोग गरेर ढोकाका बुट्टा, फोटो फ्रेम, घण्टी फ्रेम, उपहार सामग्री, सजावटका सामग्री, फर्निचरमा प्रयोग हुने कलात्मक डिजाइन, बक्स, पलङका बुट्टालगायत दर्जनौँ सामग्री उत्पादन गर्दै आएको छ ।

अस्मिता नेपालले एपीएफ नेटको सहयोगमा प्रदान गरेको तालिमले उहाँहरूलाई सीप सिकाउनेमात्र होइन, उद्यम सञ्चालन गर्ने आत्मविश्वास पनि दियो । त्यसपछि आवश्यक उपकरण र थप सीप विकासका अवसर पनि प्राप्त भए । पछिल्ला वर्षहरूमा ग्रिन फाउन्डेसन नेपालले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रदर्शनीमा सहभागी गराउँदै बजार विस्तारमा महत्त्वपूर्ण सहयोग गरेको विष्णुकुमारी बताउनुहुन्छ । त्रिचालीस वर्षीया राई जिज्ञासु र सिक्न चाहने स्वाभावकी हुनुहुन्छ । अहिले विभिन्न सङ्घसंस्था तथा स्थानीय तहबाट तालिम सञ्चालनका लागि उहाँलाई प्रशिक्षकका रूपमा निमन्त्रणा आउन थालेको छ । आफूले सिकेको सीप अब अरू महिलालाई सिकाउन पाउँदा झन् खुसी लाग्ने उहाँ बताउनुहुन्छ ।



विष्णुकुमारी भन्नुहुन्छ, "सुरुमा त मलाई धेरैले हाँसोको पात्र बनाए । महिलाले काठको काम गर्न सक्दैनन् भन्ने धारणा थियो, आफ्नै परिवारलाई पनि विश्वास लाग्दैनथ्यो, तर अहिले त्यहीँ मानिसहरूले मेरो कामको प्रशंसा गर्छन् ।" उहाँका अनुसार इच्छाशक्ति, निरन्तर अभ्यास र अवसर पाए महिलाले जुनसुकै क्षेत्रमा सफलता हासिल गर्न सक्छन् । अहिले उहाँहरूको उत्पादन काठमाडौँसहित देशका विभिन्न सहर, कोसेलीघर तथा विभिन्न सङ्घसंस्थामार्फत बिक्री हुने गरेको छ ।

विष्णुकुमारीको सफलताको अर्को महत्त्वपूर्ण आधार पिप्लेपोखरा सामुदायिक वन पनि हो । सामुदायिक वनले अहिले पनि आवश्यक कच्चा पदार्थ उपलब्ध गराउँदै आएको छ । वनले महिलालाई घाँस-दाउराको उपभोक्ताबाट हरित उद्यमी बनाउने अभियान सफलतापूर्वक सञ्चालन गरेको उहाँको अनुभव छ । पछिल्लो समय हेटौँडा उपमहानगरपालिकाको सहयोगले उद्यमलाई थप विस्तार गर्न सहज भएको विष्णुकुमारी बताउनुहुन्छ ।

हेटौँडा उपमहानगरपालिकाले स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरेपछि सयौँ महिलाको जीवनमा यस्तै परिवर्तन आएको छ । घरभित्र सीमित रहेका महिला अहिले आफ्नै उत्पादन बजारमा बिक्री गरिरहेका छन्, समूह सञ्चालन गरिरहेका छन् र परिवारको आर्थिक आधार बलियो बनाइरहेका छन् । उद्योग शाखाका अनुसार उपमहानगरपालिकाले हालसम्म आठ सयभन्दा बढी व्यक्तिलाई विभिन्न प्रकारका उद्यमशीलता तथा सीपमूलक तालिम प्रदान गरेको छ । तीमध्ये २६८ जना सक्रिय रूपमा उद्यम सञ्चालन गरिरहेका छन् ।

अधिकांश उद्यममा महिलाको उल्लेखनीय सहभागिता रहेको छ । 'एक वडा, एक उद्यम' अवधारणाअन्तर्गत हेटौँडा-१२ मा अर्ग्यानिक गुन्द्रुक उत्पादन, वडा नं ६ मा दालमोठ उद्योग, वडा नं ८ मा वनजन्य कच्चा पदार्थमा आधारित धूप उद्योग, वडा नं ५ मा काष्ठ हस्तकला तथा वडा नं १८ मा बेसारखेती तथा प्रशोधन उद्योग सञ्चालनमा छन् । यी उद्यमले स्थानीय उत्पादनलाई व्यावसायिक रूप दिँदै रोजगारी, आयआर्जन र आत्मनिर्भरताको नयाँ आधार निर्माण गरेका छन् ।

उपमहानगरले सीप विकासमा मात्र सीमित नरही उद्योग दर्ता, ब्रान्डिङ, प्याकेजिङ, खाद्य अनुज्ञापत्र, प्रदर्शनी सहभागिता तथा बजार विस्तारमा समेत सहजीकरण गरिरहेको छ । त्यसको प्रत्यक्ष लाभ महिलाले पाएका छन् । हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले निर्वाचनताका घोषणा गर्नुभएको महिला उद्यम विकासको प्रतिबद्धता अहिले व्यवहारमै देखिन थालेको छ । स्थानीय स्रोतलाई बजारसँग जोड्ने नीति, सीप विकास, सरकारी लगानी र बजार पहुँचको प्रभावकारी संयोजनले हेटौँडाका महिलालाई आत्मनिर्भर उद्यमीका रूपमा स्थापित गरिरहेको छ ।

विष्णुकुमारी त्यसै परिवर्तनको सशक्त उदाहरण हुनुहुन्छ । एक समय घाँस-दाउरा बोकेर घर फर्किने उहाँ आज आफ्नै सीपले उद्यम सञ्चालन गर्ने, अन्य महिलालाई रोजगारी दिने र प्रशिक्षकका रूपमा नयाँ पुस्तालाई प्रेरणा बाँड्ने स्थानमा पुग्नुभएको छ । उहाँको यात्रा केवल एउटा महिलाको सफलता होइन, अवसर, सीप र आत्मविश्वासले जीवन कसरी बदल्न सक्छ भन्ने प्रेरणादायी कथा पनि हो । ***रासस***

# प्रभात इङ्लिश स्कूलमा जिल्लास्तरीय टेबुलटेनिस प्रतियोगिता सुरु




भक्तपुर, असार २८ गते, आइतबार। प्रभात इङ्लिश सेकेन्डरी स्कूलको आयोजनामा भक्तपुर जिल्लाव्यापी टेबुलटेनिस प्रतियोगिता आइतबार सुरू भएको छ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रभात इङ्लिस सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले भन्नुभयो, "खेलकुद विज्ञहरूले टेबुल टेनिस खेललाई मस्तिष्कको तीक्ष्णता बढ्ने, हात र आँखाको समन्वय हुने बताएका छन्। यो खेलमा पूरै शरिरको कसरत हुनेछ।"

टेबुल टेनिस खेलले मानिसको जीवनमा धैर्य भएर सेवा गर्ने सोचाईको विकास गर्ने र कुनै पनि काममा नियमित सेवा गर्ने भावना यो खेलले जगाउने धारणा उहाँले व्यक्त गर्नुभयो।

राष्ट्रिय भलिबल सङ्घका उपाध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका सदस्य गौतमप्रसाद लासिवा, भनपा १० वडाका अध्यक्ष लक्ष्मीप्रसाद हयौमिखा र भक्तपुर टेबुलटेनिस सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजा, वरदायणी आ.वि.का प्र.अ. कृष्णगोपाल आचार्य, जेन्युइन सेकेन्डरी स्कूलमा प्रिन्सिपल राजन धौभडेलले प्रतियोगिताको सफलताको शुभकामना गर्नुभएको थियो।

प्रतियोगिता सञ्चालक समितिका संयोजक मुना बासुकलाको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा आयोजक विद्यालयका प्रिन्सिपल स्वर्णिमा मूलको स्वागत गर्नुभएको थियो।

प्रतियोगितातर्फ छात्रा टिम इभेन्टसमा प्रभात इङ्लिश सेकेन्डरी स्कूल र लर्नस एकेडेमीले फाइनलमा प्रवेश गर्न सफल भएको थियो। त्यस्तै जेन्युइन सेकेन्डरी स्कूल र प्रोक्सिमा एकेडेमी सेमिफाइनलमा पुग्न सफल भएका थिए।

छात्र इभेन्ट्स तर्फ प्रभात इङ्लिश सेकेन्डरी स्कूलको टिम र प्रोक्सिमा इन्टरनेसनल एकेडेमीको टिम फाइनल प्रवेश गर्न सफल भए। त्यस्तै जेन्युइन सेकेन्डरी स्कूल र लर्नस एकेडेमी दुवै सेमिफाइनलिस्ट भएका छन्।

१६ वर्षमुनि छात्रतर्फ उरबी सुवाल (प्रभात इङ्लिश सेकेन्डरी स्कूल) र सिमोन दुवाल (लर्नस एकेडेमी) सेमिफाइनल प्रवेश गर्न सफल भए। छात्रा १६ वर्ष मुनितिर्फ श्रोना बासुकला (प्रभात इङ्लिश सेकेन्डरी स्कूल) र मालाश्री सुवाल (लर्नस एकेडेमी) सेमिफाइनलमा प्रवेश गर्न सफल भए।

छात्र १६ वर्षतर्फमा प्रि-क्वाटर राउन्ड सम्मको खेल सम्पन्न भएको थियो।

छात्र १२ वर्ष मुनितर्फको क्वार्टर फाइनलसम्मका खेलहरू सम्पन्न भएको छ भने छात्रा १२ वर्ष मुनितर्फको सेमिफाइनलमा आरोही सुवाल (प्रभात इङ्लिश सेकेन्डरी स्कूल), आशिका बजगाई (बरदायणी स्कुल), एलिसिया न्हुछे (प्रभात इङ्लिश सेकेन्डरी स्कुल), साइना लिवी (प्रोक्सिमा स्कुल) प्रवेश गर्न सफल भएका छन्।

# जनता सचेत नभएसम्म देशमा भ्रष्टाचार अन्त्य नहुने



भक्तपुर, २८ असार। नेमकिपा सूर्यविनायक ९ काँकाबारी समितिको आयोजनामा भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले २०२५/०२६ सालको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनबारे चर्चा गर्दै त्यसबेला किसानहरू सचेत र सङ्गठित नभएका भए किसानहरूले थोरै थोरै बचत गरेको रकम केही टाठाबाठा भ्रष्टाचारीहरूले खाइदिने स्मरण गर्नुभयो।

उहाँले जनता सचेत भएकै कारण त्यसबेलाका भ्रष्टाचारीलाई उल्टो टोपी लगाएर कारबाही गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "जबसम्म जनता सचेत हुँदैनन् तबसम्म देशमा भ्रष्टहरू चलबलाइरहेका हुन्छन्। सचेत र सङ्गठित भएमा हरेक कार्यक्रम र आन्दोलन सफल हुन्छ।"

उहाँले वर्तमान सरकारले पुराना ठुला भनिएका पार्टीहरूले जस्तै जनता र देशको हितमा काम नगरी देशलाई झन् ऋणको भार बोकाएको, जनताको अति आवश्यक शिक्षा, स्वास्थ्य र बत्तीमा कर लगाउने नीति लिएको, स्वास्थ्य बीमा खारेज गर्न खोजिएको, पेट्रोलियम पदार्थ र खाद्यान्नमा महँगी पारेको, किसानलाई राहत दिनुको सट्टा धनीलाई पोस्ने हिसाबले २ करोड लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म अनुदान दिने खालको योजना अघि सारेर जनविरोधी काम गरिरहेको बताउनुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले विगतको इतिहासलाई सम्झेर वर्तमान युवा पुस्ताले शिक्षा लिनुपर्ने उल्लेख गर्दै हिजो थोरै भ्रष्टाचार हुन्थ्यो भने अहिले करोडौं करोडको नीतिगत भ्रष्टाचार भइरहेको छ भन्नुभयो।

उहाँले सिंहदरबारको भ्रष्टाचार गाउँ-गाउँसम्म पुगेको विचार व्यक्त गर्दै जबसम्म जनताको शासन समाजवाद आउँदैन तबसम्म जनताको हित नहुने बताउनुभयो। उहाँले जनता सचेत र सङ्गठित हुनुपर्नेमा जोड दिनुभयो।

सो कार्यक्रममा सूनपा नेमकिपा नगर समितिका सचिव महेन्द्र बखुन्छें, नेक्राकिसङ्घ नगर अध्यक्ष राजेन्द्र बखुन्छें, प्रेम तामाङ र प्रकाश तामाङले पनि बोल्नुभएको थियो।

# आदर्श आजादमा मार्गनिर्देश एवम् बिदाइ कार्यक्रम

भक्तपुर, २८ असार। आदर्श आजाद माध्यमिक विद्यालय भक्तपुर नपा - ५ बाट कक्षा १२ को परीक्षामा सफल भएका विद्यार्थीलाई आइतबार बधाईज्ञापन, मार्गनिर्देशन एवम् बिदाइ कार्यक्रम गरियो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले भन्नुभयो, "प्रत्येक मानिस सफल हुने एउटा आधार अनुशासन हो। विद्यालय शिक्षा पार गरिसकेपछि विश्वविद्यालय शिक्षाको लागि औपचारिक प्रमाणपत्र मात्र भएर पुग्दैन; व्यवहारिक ज्ञान, सीप र क्षमता हुनुपर्छ। एआईले ज्ञान दिन्छ तर बुद्धि दिँदैन। यो मानव निर्मित हो, यसमा मानवता हुँदैन। ज्ञानलाई सही ढङ्गले प्रयोग गर्न पाठ्यपुस्तकमात्र होइन, साहित्य, लेख रचना, दर्शन पढ्नुपर्छ। समुदायमा अनुकूलन हुन सिक्नुपर्दछ।"

आदर्श आजाद कलेजका प्राचार्य श्रीकृष्ण किसीले स्वदेशमा नै उच्च शिक्षा अध्ययन गर्नुपर्दछ र देशभित्र नभएका विषयमात्र विदेशमा गई अध्ययन गरी सिकेका




कुराहरू आफ्नै देशमा प्रयोग गर्नुपर्छ भन्नुभयो।

आदर्श आजाद माविका पूर्वप्रधानाध्यापक चक्रबहादुर चाकतुले हरेक व्यक्तिले देशको रक्षा गर्न, विकास गर्न र जनताको सेवा गर्न देशभक्त भई काम गर्नुपर्छ भन्नुभयो।

आदर्श आजाद कलेज एवम् माविका शिक्षक प्रेमजन थापा श्रेष्ठले शिक्षाशास्त्र सङ्कायको महत्त्वबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा कक्षा ११/१२ का इन्चार्ज शिवराज बोहजु र शिक्षक पुण्यश्वरी सुलुले पनि बधाई मन्तव्य तथा मार्गनिर्देश गर्नुभयो। विद्यार्थी प्रतिनिधि प्रतिमासिंह ठकुरीले मन्तव्य दिनुभएको थियो।

कार्यक्रम विद्यालयका प्रधानाध्यापक सुभद्रा दुवालको सभापतित्वमा भएको थियो।

हार्दिक समवेदना



जन्म
२००८/१०/२७

स्वर्गारोहण
२०८३/०३/१८

यस किवाचोक खानेपानी उपभोक्ता समितिका संस्थापक सदस्य **दशरथ थापा**को असामयिक निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा गहिरो दुःखमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**किवाचोक खानेपानी उपभोक्ता समिति**
किवाचोक गुण्डु, सू.न.पा.-७, भक्तपुर

# खामेनी हत्याको बदलाका लागि ट्रम्पसहित विदेशी नेताको सूची सार्वजनिक

तेहरान, २८ असार (एएफपी)। इरानको रूढीवादी पत्रिका 'हमशहरी' ले दिवङ्गत सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्याको बदलाका लागि लक्षित गरिने भन्दै अमेरिकी, इजरायली तथा युरोपेली नेताको नाम समेटिएको सूची सार्वजनिक गरेको छ।

गत फेब्रुअरी २८ मा अमेरिकी-इजरायली आक्रमणमा खामेनीको मृत्यु भएपछि उहाँका छोरा तथा उत्तराधिकारी मोजताबा खामेनीले बदला लिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

यसैसाता सम्पन्न अन्त्येष्टिपछि जारी आफ्नो पहिलो सन्देशमा मोजताबाले भन्नुभयो, "बदला लिनु हाम्रो राष्ट्रको चाहना हो र यो अवश्य कार्यान्वयन हुनेछ। उहाँले सूचीमा रहेका व्यक्तिले आफ्नो ओछ्यानमै शान्तिपूर्ण मृत्युको अपेक्षा गर्न नसक्ने चेतावनी दिनुभएको छ।

तेहरान महानगरपालिकाको स्वामित्वमा प्रकाशित 'हमशहरी' पत्रिकाले शनिबार राति आफ्नो अनलाइन संस्करणमा मोजताबाको उक्त भनाइसँगै १३ विदेशी नेताको तस्विर समावेश गरिएको 'इन्फोग्राफिक' सार्वजनिक गरेको हो।

यद्यपि, सर्वोच्च नेताको सन्देशमा लक्षित व्यक्तिको सूची तयार गरिएको उल्लेख भए पनि कुनै नाम सार्वजनिक गरिएको थिएन। पत्रिकाले सार्वजनिक गरेको सूचीलाई इरानी सरकार वा अन्य आधिकारिक निकायले अनुमोदन गरेको सङ्केत पनि छैन। उक्त सूची पत्रिकाको आइतबारको मुद्रित संस्करणमा समावेश गरिएको छैन।

'इन्फोग्राफिक'मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु, बेलायती प्रधानमन्त्री केयर स्टार्मर, अमेरिकी विदेशमन्त्री मार्को रुबियो, रक्षामन्त्री पिट हेगसेथ, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौं, इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनी तथा जर्मनीका चान्सलर फ्रेडरिक मर्जलगायतका नेता समावेश छन्।

युद्धका क्रममा इरानले युरोपेली मुलुकले आफ्नो भूमिमाथि भएका आक्रमणको निन्दा नगरेको तथा अमेरिकी सैन्य विमानलाई आफ्नो हवाई क्षेत्र प्रयोग गर्न दिएर आक्रमणमा सहयोग पुऱ्याएको आरोप लगाउँदै आएको छ।

समाचारका अनुसार मोजताबा खामेनी युद्ध सुरु भएयता सार्वजनिक रूपमा देखा पर्नुभएको छैन। उहाँका पिता मारिएको आक्रमणमा उहाँ पनि घाइते हुनुभएको बताइएको छ।

हार्दिक समवेदना



जन्म : २०१८/०३/०६
निधन: २०८३/०२/३०

भक्तपुर जिल्ला हाल चा.न.पा. वडा नं. २, फौखेल टोल बस्ने यस संस्थाका सदस्यता नं. १०२१९ का सदस्य **लक्ष्मीभक्त राजचल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः चक्रबहादुर चाकतु★कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा